ehetaudasandesh.com
हेटौंडा राष्ट्रिय दैनिक
सन्देश
हेटौंडा सन्देश
प्रदेश 'क' वर्ग
Hetauda Sandesh Daily
वर्ष: २५ ॥ अंक: २९९ ॥ सोमतबार ०७ बैशाख २०८३ ॥ तृतीया ॥ ने.सं. ११४६ ॥ चौलागा ॥ Monday 20 April 2026 ॥ पृष्ठ : ४ ॥ मूल्य: रु.३/-

सामुदायिक वनसम्बन्धि सचेतना

हेटौंडा/भीमफेदी गाउँपालिकाको आयोजना र सामुदायिक वन उपभोक्ता महासंघ स्थानीय महासंघ भीमफेदीको समन्वयमा २ दिने सचेतना कार्यक्रम आईतबारदेखि शुरु भएको छ। सामुदायिक वनका पदाधिकारी तथा सार्वजनिक वनको विभिन्न पक्षहरुको बारेमा जानकारी दिन कार्यक्रमको आयोजना भएको हो।

कार्यक्रममा सामुदायिक वनले गर्नुपर्ने साधारण सभा, कार्यालय व्यवस्थापन, कानूनी पक्ष, बैठक सञ्चालनका विधि, संकलन सहमती लिदा पुरा गर्नुपर्ने प्रक्रिया, दर्ता प्रक्रिया, वन्यजन्तुबाट हुने क्षति, डंडेलो नियन्त्रणलगायतका विषय हरुमा सहभागिहरुलाई जानकारी गराउने उद्देश्य रहेको भीमफेदी गाउँपालिका वन तथा वातावरण शाखा प्रमुख रञ्जितराज बानियाँले बताए।

कार्यक्रममा सब-डिभिजन वन कार्यालय, भीमफेदीका रेञ्जर द्वय लोकराज न्यौपाने र कोषाध्यक्ष बलराम अधिकारी, रानी सामुदायिक वनका कार्यालय सचिव भीमसेन पौडेल लगायतकाले सहजीकरण गरेका थिए। वडा नं ६ का वडाअध्यक्ष सोमबहादुर लामाको अध्यक्षतामा भएको कार्यक्रममा गाउँपालिकामा रहेका उपभोक्तासमेत गरि २५ जनाको सहभागिता रहेको महासंघ भीमफेदी अध्यक्ष मनोज थापाले बताए

बागमतीका मुख्यमन्त्री र प्रमुख सचिवबीच नोकझोक, बोलचाल नै बन्दको अवस्था

मन्त्रिपरिषद् बैठक प्रभावित

सन्देश संवाददाता

हेटौंडा/बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ र प्रदेश सरकारका प्रमुख सचिव बाबुराम अधिकारीको कार्यकक्ष एउटै भवनमा छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको पहिलो तलामा मुख्यमन्त्री बानियाँ र दोस्रो तलामा प्रमुख सचिव अधिकारीको कार्यकक्ष छ। तर, झण्डै तीन महिनादेखि मुख्यमन्त्री बानियाँ र प्रमुख सचिव अधिकारीको बोलचाल बन्द छ। उनीहरू दुवै जनाले एकअर्काको कार्यकक्षमा पाइलासमेत टेकेका छैनन्।

'उहाँहरूबीच बोलचाल मात्र होइन, धेरै समयदेखि कार्यालयमा भेटघाटसमेत भएको छैन। मुख्यमन्त्रीज्यू एकतिर हुँदा प्रमुख सचिवज्यू अर्कैतिर। कहिलेकाहीँ कुनै कार्यक्रममा भने भेटघाट हुन्छ,' एक मन्त्रीले सञ्चार कर्मीसँग भने।

बोलचाल बन्द हुनुको कारण :

मुख्यमन्त्री र प्रमुख सचिवको बोलचाल बन्द हुनुको कारण भने मन्त्रिपरिषदको एउटा निर्णय हो। ३० पुस २०८२ मा बसेको मन्त्रिपरिषदको बहुवर्षीय ठेक्का सहमतिसम्बन्धि निर्णय प्रमाणीकरण नहुँदा मुख्यमन्त्री बानियाँ र प्रमुख सचिव अधिकारीको बोलचाल बन्द भएको हो। मुख्यमन्त्री बानियाँ मन्त्रिपरिषदको निर्णयकै बलमा ३२ वटा आयोजनाहरुलाई बहुवर्षीय ठेक्का सहमति दिलाउन चाहन्थे।

तर अधिकारीले बहुवर्षीय ठेक्का सहमतिसम्बन्धि निर्णय गर्न कानुनी आधार र कागजात अपुग भएको कारण देखाए मन्त्रिपरिषद्को निर्णय प्रमाणीकरण नै गरेनन्। त्यो मन्त्रिपरिषद् बैठकमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सिफारिसमा आएको ठेक्का

सहमतिसम्बन्धिको लिखित प्रस्ताव नै नभएको एक मन्त्रिपरिषद् सदस्यले बताए।

मन्त्रालयले सिफारिस गरेका ३२ वटामध्ये अधिकांश आयोजना सडक र बाँकी खानेपानी, सिंचाइ लगायतका थिए। 'मन्त्रिपरिषदबाट भएको निर्णयको विषयमा कानुनी आधारलाई टेकेर पुरदो कागजात सहित प्रस्ताव आउनुपर्थ्यो। तर, मौखिकरूपमा यतिवटा ठेक्का सहमति दिने भनेको भरमा बिना कागजात निर्णय हुने कुरा थिएन,' एक मन्त्रीले भने, 'प्रस्तावमा ती कस्ता आयोजना हुन्, कानूनले तोकेको बजेट विनियोजन भएको छ वा छैनलगायतका विषयहरू हुनुपर्ने थियो।'

सिफारिस भएका ३२ वटा आयोजनाको विवरण एक सञ्चारकर्मीले आर्थिक मामिला तथा योजना मन्त्रालयसँग सोधनी गरे पनि यो समाचार तयार पार्दासम्म विवरण प्राप्त हुन सकेको थिएन।

सो तेका अनुसार केही आयोजनालाई बहुवर्षीय ठेक्कामा लैजान 'गैरकानुनी' सिफारिस भएको पनि पाइएको छ। प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमतिसम्बन्धि मापदण्ड, २०८२ को दफा ५ को व्यवस्थाविपरीत सरकारले आयोजना सिफारिस गरेको पाइएको हो।

मापदण्डको दफा ५ को बहुवर्षीय ठेक्का सहमति वा स्वीकृतिका आधारको व्यवस्थामा बहुवर्षीय ठेक्काका लागि प्रस्तावित आयोजनाको निर्माण सम्पन्न हुने अवधि चार वर्षसम्म भएमा लागत अनुमानको कम्तीमा २५ प्रतिशत र तीन वर्षसम्म भएका लागत अनुमानको कम्तीमा ३० प्रतिशत बजेट चालु आर्थिक वर्षमा विनियोजन भएको हुनुपर्ने उल्लेख छ। तर, सरकारले प्रस्ताव गरेका आयोजनामा मापदण्डले तोकेको बजेट विनियोजन नभएको जनाइएको छ।

दफा ५ को उपदफा १ को (क) मा बजेटको सीमा तोकिएको छ भने त्यसमै तल भनिएको छ, 'तर प्रदेश सरकार, मन्त्रिपरिषदको निर्णयबाट सञ्चालन हुने आयोजनाको हकमा बहुवर्षीय ठेक्काको सहमति वा स्वीकृति प्रदान गर्न यो सीमा लागु हुने छैन।' यो मापदण्ड बनेपछि मात्रै अधिकारी प्रमुख सचिव भएर बागमती आएका थिए।

प्रमुख सचिव अधिकारीले मापदण्डले तोकेको बजेट सीमालाई आधार बनाएर निर्णय रोके भने मुख्यमन्त्री बानियाँले मन्त्रिपरिषदको अधिकार देखाएर निर्णय प्रमाणीकरण गर्न चर्को दबाब दिएका थिए। सरकारभित्र वा बाहिर मापदण्डले मन्त्रिपरिषदलाई दिएको अधिकारको विषयमा चर्को विरोध चुलिदै छ।

बागमती प्रदेशसभाको प्रमुख प्रतिपक्षी दल नेपाली कम्युनिष्ट पार्टी संसदीय दलका नेता तथा पूर्वमुख्यमन्त्री शालिकराम जम्मकट्टेलले मापदण्डले ठेक्का स्वीकृति अधिकार मन्त्रि परिषद्लाई दिने व्यवस्था सच्याउनु पर्ने बताए। २४ चैतको प्रदेशसभा बैठकमा सम्बोधन गर्दै उनले मन्त्रि परिषदबाट निर्णय गराएर बहुवर्षीय ठेक्का स्वीकृति दिने विषयलाई 'विधिविपरीत' भनेका थिए।

'क्याबिनेटले निर्णय गरेर बहुवर्षीय ठेक्का स्वीकृति गर्दै गयो भने १ असारमा बजेट बनाउने प्रदेशसभामा हामी के गर्छौं ?,' उनले भने, 'बजेट बनाउने र पास गर्ने पहिलो अधिकार प्रदेशसभालाई हो। तर, यो गलत बाटो हो, गलत नजिर हो। सच्याउनुस्, नगर्नुस्। सरकार विधिमा चल्न नसके कर्मचारी कमाण्डमा रहन सक्दैन।'

मुख्यमन्त्री र प्रमुख सचिवबीच नोकझोक भएको बैठक :

३० पुसको निर्णय कार्यान्वयनमा नगएपछि १९ माघमा मुख्यमन्त्रीको कार्यकक्षमै एउटा बैठक बसेको थियो। बैठकमा मुख्यमन्त्री बानियाँ, भौतिक मन्त्री डा. दिनेशचन्द्र देवकोटा, आन्तरिक मामिला तथा कानुन मन्त्री शिवराज अधिकारी, स्वास्थ्य मन्त्री किरण थापालगायतका मन्त्रीहरू र प्रमुख सचिव अधिकारी सहभागि थिए।

एक मन्त्रिपरिषद् सदस्यका अनुसार प्रमुख सचिव अधिकारीले कानुनी आधार देखाएर यो निर्णय कार्यान्वयन गर्न नसकिनेबारे ब्रिफिङ गरिरहेका थिए। अधिकारीले अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट सोही विषयसँग सम्बन्धित पत्रबारे बताउँदै निर्णय कार्यान्वयन गर्न नसकिने जानकारी गराएका थिए। तर, मुख्यमन्त्री बानियाँले अधिकारीलाई अस्वाभाविक दबाब सिर्जना गर्न खोजेका थिए।

'मुख्यमन्त्रीज्यूले तँतँ र मम गर्नुभयो। 'यो निर्णय कार्यान्वयन गर्ने भए गर नत्र...' भन्दै धम्कीपूर्ण शैलीमा प्रस्तुत हुनुभयो। प्रमुख सचिवज्यूले उहाँलाई रामोसँग सम्झाउन खोज्दा विवाद भएको हो। सबैजना भएकाले हात हाला हालको अवस्था आउन भने दिइएन,' एक मन्त्रीले घटनाबारे बताए।

मुख्यमन्त्री र प्रमुख सचिव बीच बोलचाल बन्द भएपछि मन्त्रिपरिषद् बैठक लामो समय सम्म बस्न सकेन। माघ र फागुनमा एउटा पनि बैठक बस्न सकेन भने चैत २२ गते एउटा मन्त्रिपरिषद् बैठक बसेको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले जनाएको छ।

प्रमुख सचिव के भन्छन ?

प्रमुख सचिव अधिकारीले कानुनीरूपमा नमिल्ने भएपछि बहुवर्षीय ठेक्का स्वीकृतिको निर्णय कार्यान्वयनमा जान नसकेको बताए। सरकारलाई विधि र पद्धतिमा सञ्चालन गर्नुपर्छ भन्दा विवाद हुन पुगेको स्वीकार गर्दै उनले थप कुरा बताउन चाहेनन्।

अधिकारी बागमती प्रदेशको मुख्य सचिवमा नियुक्ति हुने बित्तिकै आफ्ना मन्त्रालयका सचिवदेखि कार्यालय सहयोगीहरूले लिने अनावश्यक भत्तालगायतका अस्वाभाविक चालु खर्चहरु कटौतीको निर्णय गरेका थिए।

सरकारका प्रवक्तासमेत रहेका आर्थिक मामिला तथा योजना मन्त्री तामाङले भने मुख्यमन्त्री बानियाँ र प्रमुख सचिवबीच विवाद नभएको दावी गरे। उनले बहुवर्षीय ठेक्का स्वीकृतिको निर्णय कार्यान्वयनमा नजाने र आगामी आर्थिक वर्षको बजेटमा सम्बोधन गरेर अगाडि बढ्ने जानकारी दिए। *(यो समाचार अनलाइन खबरका लागि नबिन तिमल्लीनाले लेखेको समाचार साभार गरिएको हो।)*

कुन्छाल-चित्लाङ सडकको ठेक्का खुल्यो !

सन्देश संवाददाता

हेटौंडा/मकवानपुरको पर्यटकीय क्षेत्र थाहानगरलाई काठमाडौं र अन्य क्षेत्रसँग जोड्ने छोटो दूरीको महत्वपूर्ण कुन्छाल-चित्लाङ सडक विस्तार गरिने भएको छ। सडक डिभिजन कार्यालय हेटौंडाले यस खण्डको स्तरोन्नतिका लागि ठेक्का आह्वान गरेको छ। यस सडकखण्डको स्तरोन्नतिमा डिभिजन कार्यालयले ४ वैशाखमा एक सूचना जारी गर्दै सडक सुधार तथा संरचनात्मक निर्माणका लागि बोलपत्र आह्वान गरेको जनाएको छ। यो सडक लामो समयदेखि धुलो र हिलोको सास्ती खेपिरहेका स्थानीय वासिन्दा र पर्यटकका लागि यो आयोजनाले ठुलो राहत दिने अपेक्षा गरिएको छ।

करिब ५ किलोमिटर दूरी रहेको यो सडक २५ करोड लागतमा विस्तार गरिने भएको सडक डिभिजन कार्यालय हेटौंडाका सूचना अधिकारी एवम् इन्जिनियर यादव सुवेदीले जानकारी दिए। सुवेदीका अनुसार यस आयोजनाअन्तर्गत करिब ५ किलोमिटर सडकखण्डमा कतै कालोपत्र र आरसीसी ढलान गरिने भएको छ। काठमाडौंको थानकोट-चित्लाङखण्ड सडक डिभिजन काठमाडौंद्वारा विस्तार प्रक्रिया अघि बढ्ने छ। यसपछिको खण्ड चित्लाङदेखि कुछ्लाडसम्मको खण्ड कुन्छाड-चित्लाङखण्ड सडक डिभिजन कार्यालयले हेटौंडा ठेक्का आह्वान गरेको हो।

सुवेदीले भने, 'यस सडक खण्डअन्तर्गत करिब ५ किलोमिटर सडक विस्तार गरिनेछ। काठमाडौं सकिने बित्तिकै मकवानपुरको सिमाना सुरु हुने बिन्दुदेखि चित्लाङ तर्फको करिब १२ देखि १३ सय मिटर खण्डमा नयाँ कालोपत्रे गरिने भएको छ।'

यस्तै, त्रिभुवन राजपथसँग जोडिने कुन्छालदेखि चित्लाङतर्फ आउने बाटोको विभिन्न खण्डहरूमा गरी थप ३४ सय मिटर सडक कालोपत्र गरिने उनको भनाइ छ। 'कुन्छालदेखि चित्लाङसम्मको बाटोभित्र विभिन्न ठाउँमा पिच गर्ने र केही ठाउँमा ढलान गर्ने योजना छ,' सुवेदीले भने, 'बस्ती भएका र बिगतमा काम हुन बाँकी रहेका करिब ३ देखि ४ सय मिटर क्षेत्रमा भने आरसीसी ढलान गरिनेछ।' सडक दुई लेनकै रहने र हाल उपलब्ध चौडाइ पर्याप्त रहेकाले यसपटक थप फराकिलो बनाउने भन्दा पनि सडकको सतह सुधारमा केन्द्रित हुने गरी सडक डिभिजन हेटौंडाले ठेक्का आह्वान गरेको छ।

डिभिजन कार्यालयले सार्वजनिक गरेको सूचना अनुसार ठेक्का नम्बर आरडीएचटीडी ३३७०१९६९/२०८२/०८३-४३ मार्फत योग्य निर्माण व्यवसायी हरुबाट सिलबन्दी बोलपत्र माग गरिएको छ। यस आयोजनामा सहभागी हुन चाहने व्यवसायीले १० हजार रुपैयाँ दस्तुर तिरेर बोलपत्र फारम भर्न सक्नेछन् भने धरौटी रकमबापत ४६ लाख रुपैयाँ राष्ट्र बैंक वा तोकिएको बैंक खातामा जम्मा गर्नुपर्नेछ।

सूचना अनुसार इच्छुक फर्महरूले सार्वजनिक खरिद अनुगमन कार्यालय (पीपीएमओ) को वेबसाइट मार्फत विद्युतीय माध्यम बाट मात्र आवेदन दिन सक्ने व्यवस्था गरिएको छ। बोलपत्रपूर्वको बैठक आगामी २०८३ वैशाख २४ गते बिहान ११ बजे बस्नेछ भने जेठ ४ गते दिउँसो १२ बजेसम्म आवेदन दिने अन्तिम समय तोकिएको छ। सोही दिन दिउँसो १ बजे बोलपत्र खोलिनेछ। यस सडकखण्ड विस्तारको ठेक्का प्रक्रियाका लागि ३१ दिनको म्याद दिइएको छ। बोलपत्र पेस भएपछि प्राविधिक र आर्थिक मूल्यांकनको चरण पार गरेर निर्माण व्यवसायी छनोट गरिनेछ।

'हाम्रो मुख्य लक्ष्य चालु आर्थिक वर्षभित्रै निर्माण व्यवसायी सँग सम्झौता गरिसक्ने रहेको छ,' सुवेदीले भने, 'हाम्रो प्राथमिकता सुरुमा प्राविधिक मूल्याङ्कन र आर्थिक मूल्याङ्कन गरी योग्य व्यवसायी छनोट गर्ने हो,' सुवेदीले थपे,- 'सम्झौता भएपछि निर्माण कार्यले गति पक्के लिनेछ।'

लामो समयदेखि स्तरोन्नतिका लागि प्रतीक्षा गरिएको यो सडक खण्डको काम चालु आर्थिक वर्षकै बजेटबाट सुरु गर्न लागिएको हो। यो खण्ड विस्तारका लागि चालु वर्ष नै बजेट विनियोजन भएको थियो। तर स्तरोन्नतिका लागि प्रक्रिया भर्खरै थालिएको हो। यस चालु आर्थिक वर्षबाटै सुरु गरिने यो खण्ड सम्झौता भएपछि निर्माण कार्यले गति लिने विश्वास गरिएको छ।

चित्लाङ-कुन्छाल सडक खण्ड राजधानी काठमाडौं छिर्ने वैकल्पिक र छोटो मार्गका रूपमा समेत परिचित छ। यो सडकको स्तरोन्नति सम्पन्न भएपछि मकवान पुरको उत्तरी भेगका वासिन्दालाई काठमाडौं आउजाउ गर्न निकै सरल र सहज हुनेछ।

विशेषगरी ऐतिहासिक र पर्यटकीय स्थल चित्लाङमा आन्तरिक तथा बाह्य पर्यटकको आवागमन बढ्ने र स्थानीय उत्पादनलाई बजार सम्म पुऱ्याउन ठुलो महत पुग्ने अपेक्षा गरिएको छ। बिगतमा यो सडकखण्डको दयनीय अवस्थाका कारण निकै सास्ती खेपिरहेकोले स्थानीय र पर्यटकका लागि यो स्तरोन्नति आयोजनाले ठुलो राहत दिने विश्वास लिइएको स्थानीय होटल व्यवसायी हरुले बताएका छन्।

कच्चापदार्थ महँगिएपछि प्रशोधित पिउने पानीको मूल्य बढाउने महासंघको निर्णय

सन्देश संवाददाता

हेटौंडा/नेपाल पानी उद्योग महासंघले प्रशोधित पिउने पानीको उत्पादन लागतमा उच्च वृद्धि भएको भन्दै मूल्य समायोजन गर्न आफ्ना सदस्य उद्योगहरूलाई आग्रह गरेको छ।

महासंघले शनिबार विज्ञप्ति जारी गर्दै अन्तर्राष्ट्रिय र आन्तरिक कारणले उद्योग सञ्चालन गर्नै नसकिने अवस्था आएको भन्दै मूल्य वृद्धि गर्नुपर्ने बाध्यात्मक परिस्थिति सिर्जना भएको जनाएको छ।

महासंघका अनुसार पानी उद्योगमा प्रयोग हुने कच्चा पदार्थहरू जस्तै, बोतल, क्याप, प्याप्रिड रोल, जार र जारको क्याप लगायतका सामग्रीको मूल्यमा करिब ४० प्रतिशतसम्म वृद्धि भएको छ। त्यसैगरी, पेट्रोलियम पदार्थ (डिजेल) को अत्यधिक मूल्यवृद्धिका कारण ढुवानी लागतमा पनि उल्लेख्य रूपमा बढेको छ।

अन्तर्राष्ट्रिय परिस्थितिलाई पनि मूल्य वृद्धिको कारक मानिएको छ। विशेषगरी इरान-इजरायल तनाव र इरान-अमेरिका सम्बन्धमा देखिएको द्वन्द्वात्मक अवस्थाले गर्दा अन्तर्राष्ट्रिय बजार, आपूर्ति प्रणाली र ढुवानी क्षेत्रमा परेको प्रभावका कारण कच्चा पदार्थको मूल्य र उपलब्धतामा प्रत्यक्ष असर परेको महासंघको ठहर छ।

हाल नेपालमा ६ सय २० भन्दा बढी पानी उद्योग सञ्चालनमा छन्, जसमा १६ अर्ब रुपैयाँभन्दा बढीको लगानी छ। यस क्षेत्रले ३० हजारभन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी प्रदान गर्दै आएको छ। सुरक्षित र गुणस्तरीय पानी आपूर्ति गरेर राष्ट्रिय अर्थतन्त्र र राजस्वमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको यो क्षेत्र हालको लागत वृद्धिले गर्दा धाराशायी हुने अवस्थामा पुगेको महासंघका महासचिव ध्रुवप्रसाद अधिकारीले बताए।

'यो कुनै नाफामूलक निर्णय नभई बढेको उत्पादन लागत, ढुवानी खर्च र कच्चा पदार्थको मूल्यवृद्धिका कारण सिर्जित बाध्यात्मक परिस्थिति हो,' विज्ञप्तिमा छ, 'हाल कायम मूल्यमा पानी बिक्री वितरण गरेर उद्योग सञ्चालन गर्न नसकिने निष्कर्षमा हामी पुगेका छौं।' महासंघले सबै सदस्य उद्योगीहरू लाई कच्चा पदार्थ र सञ्चालन लागतमा भएको वृद्धिको अनुपातमा मूल्य समायोजन गरी बिक्री वितरण गर्न अनुरोध गरेको छ।

महासंघले सरकारसँग उद्योगमैत्री नीति ल्याउन, कूटनीतिक पहलमार्फत् कच्चा पदार्थको सहजर र सुपथ मूल्यमा उपलब्धता सुनिश्चित गर्न र ढुवानी लागत नियन्त्रणका उपायहरू अवलम्बन गर्न माग गरेको छ।

साथै, आमउपभोक्ता, वितरक र सरोकारवालाहरूलाई उद्योगको संरक्षण, रोजगारीको रक्षा र सेवाको निरन्तरताका लागि गरिएको यो 'बाध्यात्मक' मूल्य समायोजनमा सकारात्मक सहयोग गरिदिन हुन अनुरोधसमेत गरिएको छ।

वीरगञ्जको मुख्य सडक विस्तार :

१८ वटा डोजरले एकैसाथ भत्काइयो भौतिक संरचनाहरू

सन्देश संवाददाता

वीरगञ्ज/लामो समयदेखि स्थानीयवासी तथा व्यापारीहरूको माग र प्रतीक्षामा रहेको वीरगञ्ज सहरको मुख्य सडक (त्रिभुवन राजपथ) विस्तार कार्य बिहानदेखि औपचारिक रूपमा सुरु भएको छ।

बिहान ४:३० बजेदेखि सडक डिभिजन कार्यालय हेटौंडाको नेतृत्वमा १३ वटा डोजर परिचालन गरी अतिक्रमित संरचना हटाउने अभियान थालिएको हो।

त्रिभुवन राजपथअन्तर्गत गण्डक चोकदेखि मितेरी पुलसम्मको सडक खण्डलाई दायाँ-बायाँ दुवैतर्फ २५-२५ मिटर फराकिलो बनाउने लक्ष्यसहित पावर हाउस चोक, मुर्ली, घण्टाघर, माइस्थान, आदर्शनगर, मकालु होटेल चोक, बिर्ता, छपकैया, चिनी मिल आवास क्षेत्र, रजत जयन्ती चोक हुँदै भन्सार क्षेत्रसम्मका संरचना एकैसाथ भत्काउन थालिएको छ।

सडक डिभिजन कार्यालय हेटौंडाका प्रमुख गुरुप्रसाद अधिकारीका अनुसार सडक डिभिजनको ११ वटा र वीरगञ्ज महानगरपालिकाको ६ वटा डोजर प्रयोगमा छन्।

जिल्ला प्रशासन कार्यालय पर्साले शनिवार साँझ विज्ञप्ति जारी गरी आइतबार बिहान ४:३० बजेभित्र सडक मापदण्डभित्र पर्ने पसल तथा संरचना खाली गर्न आग्रह गरेको थियो। प्रमुख जिल्ला अधिकारी भोला दाहालले यस कार्यमा आवश्यक

सुरक्षा व्यवस्था, उपकरण र जनशक्ति परिचालन गरिएको बताए।

वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंहले सर्वोच्च अदालतको फैसला कार्यान्वयन गर्न महानगर पूर्णरूपमा प्रतिबद्ध रहेको बताए। उनले संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय काठमाडौं र सडक डिभिजन हेटौंडा बाट मागिएको सहयोग प्राप्त भएको र सुरक्षा निकायसँग समन्वय गरिएको जानकारी दिए।

१३ वर्षदेखिको योजनाको कार्यान्वयन :

सडक विभागले वि.सं.२०६९ भदौ १५ मा ने सडक विस्तारको निर्णय गरी २५/२५ मिटर क्षेत्रभित्रका संरचना हटाउन सूचना जारी गरेको थियो। त्यसपछि २०७१, २०७३ र २०७६ मा पनि पटक-पटक सूचना जारी भए पनि स्थानीय घरधनीहरूले सर्वोच्च अदालतमा रिट दायर गरेका कारण काम रोकिएको थियो।

लक्ष्मण साह रौनियार लगायत करिब १२०० घरधनीले २०७५ मङ्सिर ११ गते र २०७६ कात्तिक ७ गते रिट दायर गरेका थिए। उनीहरूले सडक विस्तार खरेज गर्नुपर्ने, मुआब्जा उपलब्ध गराउनु पर्ने, वैकल्पिक सडक भएकाले मेन-रोड विस्तार आवश्यक नभएको र त्रिभुवन राजपथको एलाइनमेन्ट परिवर्तन गर्नुपर्ने माग गरेका थिए।

सर्वोच्च अदालतले २०८१ फागुन २८ गते सरकारको पक्षमा फैसला गर्दै सबै रिट खारेज गरेको थियो। फैसलाको पूर्ण पाठ गत फागुन २४ गते मात्र सार्वजनिक भएपछि सडक विभाग र स्थानीय प्रशासनले सडक विस्तार कार्य कार्यान्वयन अघि बढाएका हुन्।

सडक डिभिजन कार्यालयका इन्जिनियर भोला साहले मापदण्ड विपरीतका घरटहरा भत्काउन पटक-पटक सूचना जारी गरिँदा पनि अटेर गरे पछि एक्स्काभेटर लगाएर भत्काउन थालिएको बताए। साहका अनुसार, यसले सडक विस्तार अभियानलाई अघि बढाउन सहज हुनेछ।

१२०० निजी र २९ सरकारी संरचना प्रभावित

सडक विस्तार क्षेत्रभित्र २९ वटा सरकारी कार्यालय भवन र करिब १२०० निजी घरटहरा पर्छन्। नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र वीरगञ्ज महानगरपालिकाको नगर प्रहरीको कडा सुरक्षा निगरानीमा

– बाकी ३ पेजमा

सम्पदा जोगाऔं, पहिचान बचाऔं।

- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं।
- सम्पदा क्षेत्रमा फोहोर नगरौं।
- पुरातात्विक तथा धार्मिक स्थलहरूमा तोडफोड वा क्षति नपुऱ्याऔं।
- स्थानीय संस्कृति, परम्परा र मूल्य-मान्यताको सम्मान गरौं।
- सम्पदा क्षेत्रको संरक्षणसम्बन्धी नियम तथा निर्देशनहरूको पालना गरौं
- पर्यठक तथा आगन्तुकहरूलाई सम्पदाको महत्वबारे जानकारी गराऔं।
- अनाधिकृत निर्माण तथा अतिक्रमणबाट सम्पदालाई जोगाऔं
- पुराना सम्पदाहरूको मर्मत सम्भार र संरक्षणमा समुदायको सक्रियता बढाऔं।

सम्पदा जोगाउनु हाम्रो कर्तव्य हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

उखान: मासिने बेलामा कमिलाको प्वाँख आउँछ।

।।।। बेलाको बोली ।।।।

एउटा उत्कृष्ट कुरा सिंहवाट सिक्न सकिन्छ, जो व्यक्ति जे पनि गर्न चाहन्छ, त्यसलाई मनवाटै र जोडदार प्रयासका साथ गर। - चाणक्य

सम्पादकीय

शिक्षा क्षेत्र सुधारमा हतार नगर

नेपाल सरकारले केही दिन पहिले दिएको निर्देशनले निजी विद्यालयका सञ्चालकहरु झस्किएका छन् भने विद्यार्थी र अभिभावक अन्योलमा देखिन्छन् । शिक्षा तथा संस्कृति मन्त्रालयले निजी विद्यालयहरुलाई दोहोरो शुल्क नलिन, असुल गरिएको शुल्क फिर्ता गर्न र शुल्क संरचना सार्वजनिक गर्न निर्देशन दिएसँगै उनीहरुमा त्रासको वातावरण बनेको हो । यस्तो निर्देशन दिँदा सरकारले सर्वोच्च अदालतको आदेशलाई समेत उद्धृत गरेको देखिन्छ । सरकारले दिएको निर्देशनभन्दा बढी अव्यावहारिक हस्तक्षेपको सन्देहले विद्यालय सञ्चालकहरु बढी झस्किएको आभाष भएकोछ ।

सरकारी विद्यालयहरुको सुधारमा भन्दा नयाँ सरकारको ध्यान निजी विद्यालयको नियमनमै जाने गरेको देखिन्छ । निजी विद्यालयमा राज्यको लगानी शून्य प्रायः हुने हुनाले सरकारले थेहै हस्तक्षेप गर्नु मनासिब देखिदैन । यसै पनि अभिभावकहरुले स्वेच्छाले नै आफ्ना बालबालिकालाई निजी विद्यालयमा भर्ना गराएका हुन्छन् । यो सरकारी हस्तक्षेपको भन्दा विद्यालय र अभिभावकका बीचको विषय हो । सरकारसँग कुनै पक्षले आग्रह नगर्दासम्म हस्तक्षेप गर्नु प्राकृतिक न्यायका दृष्टिबाट पनि उचित हुँदैन । बिगतमा पनि सरकार गठन हुनेबेलितिकै निजी विद्यालयमा हस्तक्षेप हुनेगर्थ्यो । यो सरकार पनि अपवाद बन्न सकेन । केही गरेर देखाउने हुटहुटीले सरकारलाई सबै क्षेत्रमा देखिनेगरी उपस्थिति जनाउन हतार हुनु अस्वाभाविक होइन । कतिपय अवस्थामा छलाङ मार्ने सरकारी चाहना राष्ट्रका लागि प्रत्युत्पादक बनेको छ र यसको ज्वलन्त उदाहरण पनि शिक्षा क्षेत्र नै हो । अरु क्षेत्रमा गरिने नीतिगत गल्ती सामान्य हानिपछि सच्याउन सकिन्छ । तर, शिक्षामा गरिने गल्तीले पुस्तौंसम्म क्षति पुग्न सक्नेतर्फ सरकार सचेत हुनैपर्छ ।

सरकारले राम्रै नियतले यो निमय लागु गर्न खोजेको भए पनि शैक्षिक क्षेत्रमा गरिने हस्तक्षेपले बहुसंख्यक बालबालिकालाई स्तरीय शिक्षाको अवसरबाट वञ्चित गराउन सक्छ । यसैले निजी क्षेत्रका विद्यालय सञ्चालकको विश्वास टुट्ने गरी सरकारले एकतर्फी निर्णय लाद्नु प्रत्युत्पादक हुने देखिन्छ । यसका लागि सरकारले पहिले संवाद र समन्वय गरेर उनीहरुलाई आफ्नो नियत गलत नभएको विश्वास दिलाउनु जरुरी छ । शिक्षा क्षेत्रलाई सरकारी लहडवाणीको शिकार बनाइरहनु बालबालिकाको भविष्यप्रति कुठाराघात हो ।

सहकारी संस्थाप्रति घट्दो जनविश्वास

सुदर्शन अधिकारी

हाम्रो सन्दर्भमा सहकारी आर्थिक विकासको मेरुदण्डकोरुपमा रहेको छ । बिगत एक दशकदेखि अर्थतन्त्रको तीनखम्बे नीतिअन्तर्गत सरकार, निजी क्षेत्र र सहकारी रहेको थियो । पछिल्लो पाँच वर्षदेखि यता भने सहकारीप्रति आमनागरिकको विश्वास घट्दै गइरहेको अवस्था छ । देशको आर्थिक विकासमा यी तीनवटै क्षेत्र आपसमा मिलेर अगाडि बढ्न सक्ने हो भने अवश्य पनि उपलब्धि हासिल गर्न सकिन्छ । यही वास्तविकता बुझेर राज्यले यसको विकासमा विभिन्न योजनासहित कार्यक्रमहरु ल्याएको पनि थियो, तर त्यसले व्यावहारिक रूपमा प्रतिफल प्राप्त गर्न भने हामी असफल भयौं । यसपछाडिका कारणहरू विभिन्न रहेका छन् । खासगरी सहकारी संस्थामा देखिएका बेथिति र अपचलनका कारण समस्या श्रृजना भएका हुन् ।

सहकारी त्यस्तो संस्था हो, जसले सस्तोमा रकम जम्मा गरेर लगानी श्रृजना गरी त्यसबाट नाफा प्राप्त गर्ने महत्वपूर्ण क्षेत्र हो । सहकारीले गाउँघरमा छरिएर रहेका रकम एकत्रित गरी आम्दानीका क्षेत्रमा लगानी गरी त्यसबाट क्रमशः नाफा प्राप्त गर्ने गरिन्छ । सहकारीबाट बचत गर्ने बानीको विकास हुन्छ भने रोजगारीको श्रृजना समेत गर्न सकिन्छ, जसको लगानीबाट नाफा लिन सकिन्छ । एउटै आर्थिक अवस्था भएका सदस्यहरुबीचमा सहकार्य गरिने भएकाले यसबाट आपसमा मित्रता, सहयोग र सद्भावको पनि विकास हुन्छ । सहकारी भनेको आमनागरिकको नजिकको बैंक पनि हो ।

सहकारीले बचत गर्दा होस् या ऋण लगानी गर्दा सहकारीको सिद्धान्त र नियमहरुको पालना प्रभावकारीरूपमा गर्नुपर्छ, तब मात्र यसबाट अपचलन र विकृति श्रृजना हुँदैन । नेपालको सहकारीको इतिहास हेर्ने हो भने वि.सं. २०१३ मा स्थापना भएको बखान ऋण सहकारी संस्थालाई पहिलो मानिन्छ । यसभन्दा अगाडि वि.सं. २०१० मा सहकारी विभागको स्थापना गरिएको थियो । सहकारी संस्थाहरूलाई व्यवस्थित गर्ने उद्देश्यले वि.सं.१०१६ मा सहकारी संस्था ऐन जारी भयो । यसैगरी वि.सं.२०१८ मा सहकारी नियम तथा वि.सं. २०२० मा सहकारी बैंकको स्थापना गरियो । वि.सं. २०४८ मा सहकारी ऐन जारी गरिएसँगै सहकारी संस्था स्थापना गर्ने लहर नै चल्यो ।

सहकारी संस्था निश्चित उद्देश्य तथा लक्ष्यबाट निर्देशित भएका हुन्छन् । त्यसैले यस्ता संस्थाको सदस्यता स्वेच्छिक हुन्छ । यस्ता संस्था-हरूमा कुनै प्रकारका बन्देज नलगाई सेवा उपभोग गर्न सकिन्छ । सहकारी संस्था प्रजातान्त्रिक संगठन हो र यो सदस्यहरूले स्वीकार गरेको विधिबाट निर्वाचित व्यक्तिबाट सञ्चालित हुन्छ । आर्थिक कारोबारबाट प्राप्त हुने प्रतिफलमा सदस्यहरूको समान हक हुन्छ । हाम्रो जस्तो देशका लागि सहकारी ज्यादै उपयोगी हुन्छ । यस्ता संस्थाहरुको उद्देश्य जनचाहानको पूर्ति गर्नु पनि हो । सहकारीको विकास गर्नका लागि जनसहभागिता अपरिहार्य हुन्छ ।

बिगतका सकारात्मक अनुभव विकसित देशले गरेका विकासबाट पाठ सिकेर लाभ लिनेतर्फ विशेष ध्यान दिनुपर्छ । हाम्रो अर्थतन्त्रलाई सुदृढ बनाउनका लागि सहकारीको भूमिका महत्वपूर्ण रहन्छ । सहकारीले नागरिकलाई मितव्ययी बन्न पनि सिकाउँछ । सहकारीले ग्रामीण क्षेत्रमा उत्पादन वृद्धि गर्न पनि सहयोग गर्छ । यसबाट नागरिकको जीवनस्तरमा पनि वृद्धि हुन्छ । साथै, गरिबी निवारणमा पनि प्रभावकारी भूमिका खेलेको छ । कृषिक्षेत्रको विकास, उत्पादनमा वृद्धि, उत्पादित वस्तुको बजारीकरणमा सहजता, रोजगारी तथा आम्दानीमा पनि विकास भई समग्र आर्थिक विकास भई देशको विकासमा टेवा पुग्छ । सहकारीबाट साना उद्योग तथा घरेलु उद्योगको विकासमा समेत सहयोग पुग्छ । सहकारीले देशको योजनाबद्ध विकासमा पनि प्रभावकारी सहयोग पुग्छ ।

स्थानीय स्रोत र साधनको उपयोग गरी आर्थिक विकास र रोजगारी श्रृजना गर्नमा पनि सहकारी ज्यादै प्रभावकारी माध्यम साबित भएको छ । समाजमा आपसी सहकार्य, समभकदारी र सहयोगको वातावरण श्रृजना गरी समाजको चौतर्फी विकास गर्न सकारात्मक नतिजा निकाल्न पनि सकिन्छ । लगानीका नयाँ-नयाँ सम्भावनाहरूको खोजी गर्दै अगाडि बढ्न पनि सहकारी संस्थाहरूको भूमिका महत्वपूर्ण रहन्छ । सहकारीलाई नीति र सिद्धान्तअनुसार सञ्चालन गरी देशको ग्राहस्थ उत्पादन, रोजगारी वृद्धि र गरिबी निवारणमा समेत सहयोग पुग्छ । आजको अवस्था आउनुका पछाडि विभिन्न कारणहरु छन्, जसका कारण नागरिकमा सहकारी संस्थाप्रति विश्वास कम हुँदै गएको हो ।

सहकारी संस्थाले बिनाधितो ऋण प्रभाव गर्नु, एकै परिवारका सदस्यहरू सञ्चालक समितिमा बस्नु, मापदण्डविपरीत ऋण प्रवाह गर्नु, जग्गा जमिन तथा सवारी साधन खरिद गर्नुजस्ता कारणले संस्थामा अपचलन भएको देखिन्छ । यसैगरी सञ्चालकहरूले आफ्नुखुसी रकमको प्रयोग गर्नु, आउनु पर्छ । यी पदाधिकारी सम्बन्धित विषयको विशेषज्ञ हुन आवश्यक छ । प्रथम तहदेखि उपसचिव-सम्मका पदाधिकारी स्थायी निजामती हुन आवश्यक छ । सहसचिवदेखि मुख्य सचिवसम्म स्वच्छ प्रतिस्पर्धामा नियुक्ति सम्बन्धित सरकारले गर्न आवश्यक छ । यी बढुवाबाट हैन विज्ञताबाट आउन जरुरी छ । यिनीहरू सजिलैसँग नियुक्तिमा आउने र अवकाशमा जान आवश्यक छ । यसका निम्ति राष्ट्रपतीय व्यवस्था अध्ययन गरेर नेपालको निजामती ऐन बनाउन आवश्यक छ ।

आमाको नामबाट बच्चाको नागरिकता दिने विषय संविधानमा व्यवस्था छ । यही अनुसार कुनै प्रमुख जिल्ला अधिकारीले नागरिकता दिए, कुनैले दिएनन् । सर्वोच्च अदालतले पनि दिन मिल्छ भनेर परमादेश जारी गरिदिएको छ तर अधिकांश प्रजिअले दिएनन् । दिने प्रजिअलाई पनि सरकारले केही भनेन र नदिनेलाई पनि केही गरेन । यी दुईमध्ये एक त दोषी हो नि तर दुवैलाई सरकारले केही गरेन । न्यायाधीशलाई पनि केही गरेन । यसको अर्थ जसलाई जे मन लाग्यो त्यही गरेहुने भयो । जसबाट नागरिकले झन्झट र दुःख बेहोरिरहे । नागरिकता अरू पदाधिकारीले दिन मिल्दैन । प्रजिअ बिनाकारण दिन्न भन्छ, ऊ त्यो पदमा छ तर पदको कर्तव्य पूरा गर्दैन । यो पञ्चायतकालदेखिको रोग आजसम्म कायमै छ । नागरिकतामा र अरू लिखतमा जन्ममिति फरक परेकोमा सच्याउन जाँदा न सच्याइदिन्छ न बाटो खोलिदिन्छ । त्यो अलपत्र परेको नागरिक विद्रोही हुनबाहेक कुनै उपाय छैन । पदाधिकारीले कर्तव्य पूरा नगरे तत्काल अवकाश दिने प्रावधान हुन जरुरी छ ।

यसैगरी यो संविधान जारी भएपछि संघीयताको अवधारणाअनुरूप स्थानीय सरकार बनाइएको छ । जसले नागरिकको दैनिकी कार्यमा सहजीकरण गरिदिनुपर्ने हो । स्थानीय जनताका लागि बडा नै सिंहदरबार हो । उसलाई घरदैलोमा नै सेवा दिनु उसको कर्तव्य हो । बडाका पदाधिकारी यो मिलेन, यो मिलेन भनेर जनतालाई हैरानी दिन्छन् । मनलागदी कर लगाउने कानुन बनाएर दिग्दार बनाउँछन् । कुनै सिफारिस लिन गए कि नगद, कि भनसुन वा विदेह नगरी दिँदैनन् । बडामा एउटा घरमा मानिस मरेको छ । यो मानिस मरेको पहुँचको भरमा ऋण प्रभाव गर्नु पनि सहकारीमा बेथिति श्रृजना हुनका कारणहरू हुन् । सहकारीमा समयमा नै लेखापरीक्षण नगर्ने, व्यवसायीहरूलाई रकम प्रदान गरिनुजस्ता कारणले संस्थामा असहज अवस्थाको श्रृजना भएको देखिन्छ । एउटै व्यक्ति विभिन्न सहकारीमा सदस्य रहनु, सहकारीमा अनुभवन नहुनु पनि सहकारीको साख घट्नुका कारणहरू छन् ।

सहकारी ऐन-नियमहरूको प्रभावकारीरूपमा पालना गर्न नसक्दा समस्या थप जटिल बनेको देखिन्छ । नियम र विधिको कडाइका साथ पालना गर्ने हो भने सहकारी घाटामा जाने अवस्था आउने थिएन । यसप्रति सबै सञ्चालक तथा सरोकार-वालाहरू गम्भीर बन्नु जरुरी छ । सहकारीले पनि आफ्नो कार्यक्षेत्रभन्दा बाहिर गएर लगानी गर्ने तथा ऋण प्रवाह गर्दा समस्या थप जटिल बनेको वास्तविकता भुल्नु हुँदैन । कतिपय सहकारीले बढी ब्याजको लोभमा गैरसदस्यलाई ऋण दिने गरेका दृष्टान्त पनि प्रशस्त पाइन्छ । सहकारीहरूले गुमेको साख त्यानका लागि थप जिम्मेवार बन्नु पर्छ । राज्यले पनि सहकारीमा नियमित अनुगमन गरी दोषीमाथि कडा कारवाही गर्न सक्नुपर्छ, जसले विकृति हुनबाट रोक्न सहयोग पुग्छ ।

सहकारी क्षेत्रको विकासबाट राष्ट्रिय अर्थतन्त्रलाई उकास्न सकिन्छ । नेपालको संविधान, २०७२ को धारा ५१ 'घ' १ बाट पनि पुष्ट हुन्छ । यसमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत् राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने नीति छ । नेपालमा सहकारी क्षेत्रको सहभागितालाई आर्थिक समृद्धि सम्भव छैन । नेपालको ग्रामीण क्षेत्रमा साहूमहाजनको शोषण अन्त्य गर्न, उत्पादनमुखी भावनाको विकास गर्न, कृषकलाई मितव्ययी बनाउन र कृषि ऋण, बजार सुविधा आदि उपलब्ध गराई ग्रामीण नागरि-कको जीवनस्तर सुधार्न सहकारी क्षेत्रको आवश्यकता छ । यसका अतिरिक्त ग्रामीण क्षेत्रमा घरेलु तथा साना उद्योगको विकासका लागि पनि सहकारी अत्यन्तै आवश्यक हुन्छ ।

यसबाट ग्रामीण क्षेत्रमा आर्थिक क्रियाकलाप हरूको वृद्धि मात्र नभई रोजगारीको श्रृजना र आत्मनिर्भर अर्थतन्त्र निर्माणमा पनि प्रभावकारी भूमिका रहन्छ । सहकारीले साहूमहाजनबाट चर्को ब्याज असुल्ने समस्याबाट पनि मुक्ति मिल्छ । यसैगरी समाजमा व्याप्त आर्थिक असमानताको खाडल पनि कमी गराउन सहयोग पुग्छ । सहकारीले समाजका सदस्यहरूमा सामूहिक भावनाको विकास र विस्तारमा समेत जोड दिन्छ । आपसमा मेलमिलाप, सद्भाव र एकताको विकास पनि सहकारी संस्थामार्फत् गर्न सकिन्छ । आजको बेरोजगारी समस्याको समाधानका लागि पनि सहकारीमार्फत् स्वरोजगार बन्ने वातावरण सिर्जना गर्न सकिन्छ । यसबाट विदेशमा गएर श्रम गर्न पनि परेन भने स्वदेशमा नै केही गरेर जीविकोपार्जन गर्न पनि सहज अवस्थाको निर्माण हुन्छ ।

सहकारीमार्फत् कृषिको विकासमा पनि ठूलो सहयोग पुग्छ । कृषि सहकारीबाट कृषिजन्य उत्पादनमा वृद्धि गरी आम्दानी गर्न सकिन्छ भने कृषिप्रधान देशमा कृषिको विकासमा थप टेवा पनि मिल्छ । कृषिप्रधान देशको अवस्था भने दयनीय छ । मासिकरूपमा करोडौं रकमको खर्च गरी खाद्यान्न, फलफूललगायतका सामग्रीहरू आयात गर्न विवश रहेका छौं । सहकारीबाट कृषिको विकास गरी व्यापारघाटा कम गर्न पनि टेवा मिल्छ । सहकारीमार्फत् कृषिलाई मर्यादित र व्यवस्थित अनि वैज्ञानिक बनाउन सकिन्छ । यसका लागि राज्यले विशेष ध्यान दिनु जरुरी छ । आमनागरिकमा कृषिप्रति आकर्षण जगाउनका लागि विशेष नीति र कार्यक्रम ल्याउँदै त्यसको प्रभावकारीरूपमा कार्यान्वयनको अत्यन्तै खाँचो महसुस गरिएको छ । सहकारी संस्थालाई दिगो र भरपर्दो अनि प्रभावकारी बनाउनका लागि सहकारीका सिद्धान्तको पालना गर्नुपर्छ, जुन यस प्रकार रहेका छन्,:

स्वैच्छिक तथा खुला सदस्यता, सदस्यहरूबाट प्रजातान्त्रिक नियन्त्रण, सदस्यहरूको आर्थिक सहभागिता, स्वतन्त्रता र स्वायत्तता, शिक्षा, तालिम र सूचना, अन्तर सहकारी सहयोग र समुदायप्रति चासो ।

सहकारी गैरनाफामूलक स्वायत्त संस्था हो, यसको स्थापना पनि समान आर्थिक हैसियत भएकाहरू मिलेर गर्छन्। सहकारीमा सबै सदस्यको समान स्वामित्व रहेको हुन्छ । संस्थाको सदस्य बन्नका लागि निश्चित रकम सेयरकोरूपमा तिर्नुपर्छ । सहकारीको सञ्चालन सदस्यहरूको सामूहिक प्रयासबाट हुन्छ । सदस्यहरूबाट नै सञ्चालक समितिको निर्वाचन गरिन्छ । एक सदस्य एक मतको व्यवस्था रहेको हुन्छ ।

सहकारीका सदस्यहरूले मात्रै कारोबार गर्न सक्छन् । सहकारीको सञ्चालन सबै सदस्य मिलेर गर्छन् । संस्था सञ्चालन गर्न आवश्यक पर्ने नियम-विनियम सबै सदस्यहरू मिलेर निर्माण गर्छन् । सहकारीले सदस्यहरूको हितमा मात्र कार्य गर्छ । यसले दीर्घकालीन सोच, उद्देश्य राखेर आर्थिक, सामाजिक, सांस्कृतिक उन्नतिमा कार्य गर्न हरदम तयार रहने गर्छ ।

साभार : अनलाइनखबर

मकवानपुरमा आज

१: जानकारीमा नआएको

तपाईंको आज

मेष श्रम परे पनि सुखद समाचारले उत्साह जगाउनेछ तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ बुद्धिका कारण लक्ष्य प्राप्त हुनेछ ।

वृष अध्ययनमा विशेष प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ । सुखद समाचारले उत्साह जगाउनेछ समय छ । नयाँ काम प्रारम्भ हुनेछ ।

मिथुन आम्दानीका स्रोत पनि दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ । अध्ययनमा प्रगति हुनेछ भने ज्ञानलाई पनि निखार्ने अवसर प्राप्त हुनेछ ।

कर्कट विशिष्ट व्यक्तिको सहयोग जुटनेछ । आँटिको लगनशीलताले कीर्तिमानी दिलाउन सक्छ । सामाजिक नेतृत्व हात लागि हुने सम्भावना प्रबल छ ।

सिंह कृषि, पशुपालन तथा घरेलु कामकाजमा फूलबारी र घरको साजसज्जामा समय बिल्तेछ । टाढिएका आफन्त, साथीभाइ नजिकिन सक्छन् ।

कन्या मिहिनेतले सम्मानित स्थान दिला उन सक्छ बौद्धिक अभिव्यक्तिको तारिफ हुनेछ । बोलीको प्रभावले आर्थिक क्रियाकलापमा समेत फाइदा हुनेछ ।

तुला स्वास्थ्य कमजोर रहनेछ भने केही जुध्नु पर्नेछ । अशक्त अवस्थामा व्यस्तता बढ्नेछ । प्रतीक्षित नतिजा कमजोर हुनाले काम दोहोऱ्याउनु पर्ला ।

वृश्चिक रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । पहिलेको सफलताले थप हौसला जगाउनेछ। नयाँ कामको प्रस्ताव आउनेछ

धनु अवसर र व्यवधानका बीचबाट कर्मफल प्राप्त हुनेछ। अरूको विश्वास जित्न केही समय लाग्नेछ । प्रयत्न गर्दा दिगो फाइदा हुने काम हातलागी हुनेछ

मकर सहयोगीहरूले साथ दिनाले चिता-एका काम सम्पादन हुनेछन्। मिहिनेतले राम्रो परिणाम प्राप्त हुनेछ । भौतिक साधन पनि जुट्नेछन्।

कुम्भ सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ । आफन्तसँग रमाइलो भेटघाट हुनेछ । उत्साह जगाउनेछ। मित्रता रंग्रेमको बन्धन कसिनेछ ।

मिन अतिथिको रूपमा सम्मान सत्कार प्राप्त हुनेछ। परिवारजनको साथ जुटनाले सहज बनाउन सकिनेछ । भौतिक वस्तुहरू जुटाउन सकिनेछ ।

हाम्रो सम्पर्क ठेगाना

हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७०३६, समाचार शाखा : ९८४५०२१८०३
विज्ञापन शाखा : ९८६७४९९३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

कानुन बदल्ने अठोट

सुशासन कायम गर्नु जरुरी छ । अख्तियार प्राप्त पदाधिकारीले उचित समयमा तदाहकताका साथ आफ्नो कर्तव्य पूरा नगरमा तत्काल अवकाश दिने कठोर कानुन चाहिन्छ । यो कानुन अभावमा सुशासन हुन सक्दैन । यो कानुन विगतका सरकारको नेतृत्वले ल्याउन चाहेन वा सकेनन् । यो कानुन बनाउँदा पनि प्रदेशमा दर्जनौं



रामनारायण बिडारी

भ्रष्टाचार निर्मूल गर्नु जटिल विषय हो । रास्वपाको वाचापत्रमा गरिएको अठोट भएकाले वालेन्द्र शाह नेतृत्वको सरकारले भ्रष्टाचार निर्मूल गर्नुपर्नेछ । ससाना कार्यालयदेखि नीतिगतरूपका भ्रष्टाचारसमेत नियन्त्रण गर्नुपर्ने हुन्छ । नियन्त्रणको क्रम अगाडि बढाए मात्र निर्मूल हुन जान्छ । स्थानीय तहदेखि संघीय सरकारसम्मको कर्मचारी तन्त्रको व्याप्त भ्रष्टाचारमा हस्तक्षेप गर्न आवश्यक छ । आजसम्म बद्मासी गर्ने कर्मचारीलाई सेवाबाट हटाउन बिगतमा सरकारको नेतृत्व गरेका दलले सकेनन् । अपवाद कसैलाई हटाएमा पनि अदालतले पुनर्बहाली गरिदिएको छ । यसको मुख्य कारण कर्मचारीलाई पहिलो कारबाही कर्मचारीबाट मात्रै गर्ने कानुन कायम छ,यो संशोधन आवश्यक छ ।

उहिलेका फैसलालाई अहिले पनि नजिर भन्दै पेस गरेर कर्मचारीको सेवा अवकाशलाई बढर गर्ने गरेको पाइन्छ। मन्त्री र कर्मचारीबिच मतभेद भयो भने सरुवा गर्ने चलन छ । सरुवा भएपछि केही समय कुरेर अर्को मन्त्री आएपछि सो कर्मचारी फेरि उही हालिमुहाली गर्ने ठाउँमा पुग्छ । म मन्त्रीलाई टेर्दिनँ किनकि उसले मलाई हट्टै गरे सरुवा गर्ने हो । सरुवा गरेर मलाई केही फरक पर्दैन । जागिर बाट हटाउन मन्त्रीले सक्दैन । यो कर्मचारीतन्त्रमा गडेर बसेको रोग हो । यसको उपचार उपाय के हो ? कर्मचारीलाई कर्मचारी मात्र कारबाही गर्ने कानुन बदल्नु पर्छ । भ्रष्ट कर्मचारीलाई भ्रष्ट हाकिम कर्मचारीले कारबाही गर्दैन । भ्रष्ट न्यायाधीशले भ्रष्ट कर्मचारीको पक्षपोषण गर्छ । यो अवस्था नै नयाँ सरकारलाई घाँडो बन्न सक्छ । पहिलो काम भ्रष्टाचारसम्बन्धि ऐन र निजामती कर्मचारी ऐनमा दूतमार्ग संशोधन गर्नुपर्छ । यो नै वर्तमान सरकारको कठोर चुनौती हो ।

सुशासन कायम गर्ने दोस्रो काम हो, कानुनले अख्तियार प्राप्त पदाधिकारीले उचित समयमा तदारुकताका साथ आफ्नो कर्तव्य पूरा नगरेमा तत्काल अवकाश दिने कठोर कानुन चाहिन्छ । यो कानुनको अभावमा सुशासन हुन सक्दैन । यो कानुन बिगतका सरकारका नेतृत्वले ल्याउन चाहेनन वा सकेनन् । सहसचिवभन्दा माथिका कर्मचारी लाई हायर एण्ड फायर गर्ने कानुन चाहिन्छ । यो पदका मानिस बढुवाबाट हैन, नयाँ नियुक्तिबाट हो भनेर सिफारिस माग्न जाँदा तिम्रो नागरिकता वैतडी जिल्लामा छ, उहींबाट लिनु भन्छ । ऊ काठमाडौंमा बसेको २५ वर्ष भइसक्यो । उसको मतदाता नामावली त्यही बडामा छ। घर सम्पत्तिको कर पनि यही बडा समितिले लिन्छ । नक्सापास घरको गरिएिएको पनि छ तर यो घरमा मानिस मरेको छ वा त्यो घरमा बस्नेको कागज हरायो भनेर सिफारिस लिन गयो भने बैतडी जिल्लामा जा भन्छ । यो जस्तो हुतिहारा, कर्तव्यच्युत पदाधिकारी कहींकतै हुन्छ र ?

आफ्नो कर्तव्य पूरा नगर्ने पदाधिकारीलाई तत्काल कारबाही गर्ने कानुन प्रयोग भएन । त्यो हिम्मत अघिल्लो सरकारको नेतृत्वले गर्न सकेन । स्थानीय सरकार, त्यसमा पनि बडा समिति जनताको दैनिक सुविधा प्रदान गर्ने निकायबाट नै जनतालाई हैरान पार्ने र घुस खाने गर्दा समस्त व्यवस्थामा नै चोट पुग्न गयो । यही कारण सबै दल बदनाम भए । जसको परिणाम यो चुनावमा आयो । यो पनि सरकारको चुनौती हो । स्थानीय पदाधिकारीले कार्य सम्पादनमा आलटाल गरेमा भ्रष्टाचारसम्बन्धी कानुन आकर्षित हुने प्रावधान राखिनु जरुरी छ ।

प्रदेश सरकारका राजनीतिक पदाधिकारी आआफ्ना व्यवसायमा तल्लीन भए । प्रत्यक्ष/परोक्ष रूपमा विभिन्न व्यवसायमा संलग्न व्यक्ति नै सर-कारका पदाधिकारी भए, अनि राज्यका ढुकुटी आफ्ना व्यवसायमा प्रयोग गर्ने र राज्यको काम पनि नगर्ने भए। सरकारी स्रोत साधन निजी काममा प्रयोग गरे । मितव्ययिता अपनाएनन् । यसरी प्रदेशका पदाधिकारीले संघीयताको मर्ममाथि प्रहार गरेका कारण संघीयता र दलमाथि प्रश्न उठ्न थाल्यो । भारतको एक राज्यभन्दा धेरै सानो नेपाललाई सात प्रदेश बनाउँदा पनि प्रदेशमा दर्जनौं मन्त्री बनाइए। अनावश्यक निकाय थपिए। यसलाई बालेन्द्र सरकारले सच्याउन सक्ला त ? यी काम संविधान संशोधन नगरी नै गर्न सकिन्छ ।

शिक्षा क्षेत्रलाई व्यापारीकरण गरियो । मनपरीढंगबाट शिक्षा बेच्ने काम भयो । नेपाल र नेपालीलाई नचाहिने शिक्षा लादिएको छ। शिक्षामा भएको व्यापारीकरण हटाउन कानुन बदल्नु पर्दैन, नियमन गरे पुग्छ । स्वास्थ्य क्षेत्रमा सरकारी अस्पतालका डाक्टर प्राइभेट अस्पतालमा सक्रिय छन् । सरकारी बजेटबाट अति महंगा मेसिन/औजार सरकारी अस्पतालले किनेको छ । त्यो किन्दा भ्रष्टाचार गर्न र कमिसन खान पाइन्छ र त किनिन्छ । त्यसपछि अर्कोले सो मेसिन बिगारिन्छ र प्राइभेट अस्पतालसंग कमिसन खाएर बिरामी रिफर गरिन्छ ।

यातायात क्षेत्रमा आलोपालो नाममा जनतालाई भार पर्ने गरी मनपरि कार्य भइरहेको छ। स्वच्छ प्रतिस्पर्धात्मकढंगबाट यातायात चलाउने र यसलाई सरकारले नियमन गर्ने काम बिगतको सरकारले गरेन । उल्टो यातायात व्यवसायीसँग नगद सहयोग लिएर राजनीतिक दल र व्यवसायी मिलेर जनतालाई महंगो भाडा तिर्न बाध्य गराए । यो गर्न कानुन बदल्नु पर्दैन, भइरहेको कानुन नै पर्याप्त छ । कर्मचारीले कार्यालय समयमा कार्यालयको टेलिफोन मात्र प्रयोग गर्ने र व्यक्तिगत फोन प्रयोग नगर्ने, व्यक्तिगत काम सो समयमा गर्न नपाउने, कार्यालय समयमा कार्यालयबाहिर जान नपाइने व्यवस्था गर्न र जनसेवामा तल्लीन गराउन कानुन बदल्नु पर्दैन । ऐन बनाउन प्रतिनिधि सभामा बहुमत भएर मात्र पुग्दैन । राष्ट्रिय सभामा पनि बहुमत चाहिन्छ । कयौं नयाँ कानुन बनाउन आवश्यक छ । अब यो सरकारले सबै बनाउन सक्छ ।

साभार : गोरखापत्र

कुखुरामा प्रयोग हुने औषधिले मानिसको ज्यानै लिन्छ ?

काठमाडौं/मरेको ब्रोइलर कुखुराको मासु खाँदा कैलालीको चुरे गाउँपालिका-३ का ५ वर्षीय दीपक ताम्राकार र उनका ८ वर्षीय दाजु भीमको उपचारका क्रममा शनिवार निधन भयो । सोही मासु खाएका कारण उनीहरूका २८ वर्षीया आमा राधिका ताम्राकार र तीन वर्षीय भाइ दिपेश ताम्राकार पनि गम्भीर विरामी परेका छन्, उनीहरूको उपचार सेती प्रादेशिक अस्पतालमा चलिरहेको छ ।

कैलालीमा मरेको कुखुराको मासु खाँदा दुई बालकको ज्यान गयो, आमा र भाइ गम्भीर कैलालीमा मरेको कुखुराको मासु खाँदा दुई बालकको ज्यान गयो, आमा र भाइ गम्भीर यो घटना पहिलो भने होइन, यसअघि पनि मरेको कुखुराको मासु खाँदा मानिसको ज्यान गएका घटना पटक-पटक भएका छन् ।

२०८१ मंसिरमा अछामको कमलबजार नगरपालिका-३ बयलाका १५ वर्षीय कमल विकको पनि यस्तै घटनामा मृत्यु भएको थियो । त्यसैगरी, २०७६ सालमा बैतडीको पुर्चौडी नगरपालिका-२ जरसौंका १५ वर्षीया पुष्पा पार्कीको मृत्यु भएको थियो भने सोही घटनामा एकै परिवारका अन्य ९ जना विरामी परेका थिए ।

यस्ता घटना पटक-पटक भए पनि सरकार गम्भीर नदेखिएको गुनासो गुनासो छ, जसका कारण घटना बढ्दिहेका छन् ।

के भन्छ सरकार ?

पशु सेवा विभागका महानिर्देशक डा. उमेश दाहालले विगतमा के-के भयो भन्नेबारे अहिले नै बताउने अवस्था नरहेको तर कैलालीको घटनामा भने फार्ममा समस्या नदेखिएको बताए । उनले भने, 'मासु खाएपछि बालकको मृत्यु भएको थाहा पाउनेबित्तिकै विशेषज्ञ टोलीले फार्मको जाँचबुझ गरेको थियो । त्यहाँ रहेका कुखुरा तथा दानाको परीक्षण गर्दा केही देखिएको छैन ।' प्रहरीले यसबारे थप छानविन गरिरहेको र छानविनबाटै घटनाको कारण बाहिर आउने पनि उनले बताए ।

सरोकारवालाको दाबी

कुखुरा उत्पादनलाई लिएर विभिन्न शंका-उपशंका उब्जिरहेका छन् । कुखुरा फार्महरूमा तौल बढाउन तथा छिटो खानयोग्य बनाउन औषधि प्रयोग भइरहेको दावी गरिएको छ । गत पुसमा आयोजित 'कुखुराको मासुमा एन्टिबायोटिकको अत्यधिक तथा हानिकारक प्रयोग नियन्त्रण' सम्बन्धी कार्यक्रममा एनिमल नेपालकी लाइभस्टक विभाग प्रमुख सुलक्षणा राणाले कुखुराको मासुमा एन्टिबायोटिकको प्रयोग भइरहेको बताएकी थिइन् । यसको मात्रा र यसले मानव स्वास्थ्यमा पार्ने असर बारे अध्ययन हुन आवश्यक रहेको धारणा उनले राखेकी थिइन् ।

नेपालमा कुखुराको मासुमा एन्टिबायोटिकको जथाभावी प्रयोगले 'एन्टिमाइक्रोबियल रेसिस्टेन्स'को जोखिम बढेको छ । कुखुराको मासुबाट मानव स्वास्थ्यमा जोखिम देखिएपछि सरकारले सन् २०१६ देखि कुखुराको दानामा प्रयोग हुने एन्टिबायोटिकमा पूर्ण रूपमा रोक लगाएको छ । तर, विभिन्न अध्ययनहरूले कुखुरा फार्महरूमा अझै पनि यसको प्रयोग भइरहेको देखाएका छन् ।

फार्महरूको मनोमानी

विभागका महानिर्देशक दाहालले डाक्टरको सल्लाहबमोजिम औषधिका रूपमा मात्र एन्टिबायोटिक प्रयोग गर्न पाइने तर अन्य कुनै पनि रूपमा प्रयोग गर्न नपाइने गरी रोक लगाइएको दावी गरे । 'डाक्टरको सल्लाहविना एन्टिबायोटिक प्रयोग गरेको पाइए कानुनअनुसार कारवाही हुने व्यवस्था छ,' उनले भने, 'आफूहरूले दानामा यसरी एन्टिबायोटिक प्रयोग गरेको कतै नपाएको दावी छ ।'

तर, फार्म सञ्चालक तथा किसानले कुखुराको तौल बढाउन अनेकथरीका औषधि प्रयोग गर्ने गरेको समाचार आउने गरेका छन् । कतिपय फार्मले दानामा मात्र नभई पानीमा मिसाएर पनि औषधि दिने गरेको स्रोतको दावी छ ।

एक भेटेरिनरी जानकारले भने, 'फार्म सञ्चालक तथा किसानले कुखुरा छिटो बढोस् भनेर दाना र पानीमा मात्र होइन, कतिपय ठाउँमा सुईसमेत दिने गरेको भेटिएको छ ।' सामाजिक सञ्जाल र युट्युबमा हेरेर खेतीपाती हुने गरेकाले कुखुराको ग्रोथ प्रमोटरका लागि के औषधि प्रयोग गर्ने भनेर अहिले खोजी हुने उनले बताए । 'यूट्युबले जे भन्छ, त्यही प्रयोग गर्छन् ।

यसकारण ब्रोइलर कुखुराको मासुमा जोखिम देखिएको हो,' उनले बताए, 'तरकारीमा विषादी प्रयोग गर्न रोक लगाइए पनि कालिमाटीको परीक्षणमा तरकारी खानयोग्य देखिँदैन, कुखुरामा पनि विभिन्न औषधि प्रयोग भइरहेको छ ।'

कस्ता औषधि प्रयोग हुन्छन् ?

नेपालका पशु औषधि पसलहरूमा त्यस्ता औषधि छयापछ्yाप्ती पाइन्छन् । 'जर्नल अफ एड्भान्स भेटेरिनरी एण्ड एनिमल रिसर्च'ले गरेको एक अध्ययनअनुसार पशु चिकित्सा औषधिको बिक्रीको ७० प्रतिशतभन्दा बढी खुद्रा पसलहरूबाट हुने गरेको छ । नेपालमा प्रयोग हुने शीर्ष सात एन्टिबायोटिकहरूमा टेट्रासाइक्लिन, एनोफ्लोक्सासिन, नियोमाइसिन-डक्सिसाइक्लिन, लेभोफ्लोक्सासिन, कोलिस्टिन र टाइलोसिन रहेका छन् ।

एम्पिसिलिन, एमोक्सिसिलिन, सेफ्टियाक्सोन र जेन्टामाइसिन सबैभन्दा बढी गलत तरिकाले प्रयोग हुने औषधि हुन् । त्यस्तै टेट्रासाइक्लिन्स, पेनिसिलिन्स,म्याक्रोलाइड्स, स्ट्रेप्टोग्रामिन्स,एमिनोग्लाइकोसाइड्स र सल्फोनामाइड्स प्रयोग गर्न नहुने एन्टिबायोटिक समूहका औषधि हुन्, जुन नेपालमा प्रयोग भइरहेको विभिन्न अध्ययनले देखाएका छन् । वृद्धि प्रवर्धक (ग्रोथ प्रमोटर) का लागि सबैभन्दा बढी स्ट्रेप्टोग्रामिन्स प्रयोग हुने गरेको छ ।

पशु सेवा विभागमा कुखुरा विज्ञका रूपमा काम गरेका डा. नवराज श्रेष्ठ सरकारले एन्टिबायोटिक प्रयोगमा पूर्ण रूपमा बन्देज लगाए पनि कतिपय साना किसानले घरमै दाना बनाउने र त्यहांसम्म सरकार को नजर नजाने बताउँछन् ।

'हरेक किसानको फार्ममा गएर उनीहरूले बनाएको दाना परीक्षण गर्न सम्भव छैन,' उनले भने, 'डाक्टरको सिफारिसबाहेक कुनै पनि प्रकारको औषधि प्रयोगमा सरकारले बन्देज लगाएको छ ।'

विगत १२-१३ वर्षदेखि यस क्षेत्रमा आफूले काम गरेको र अनुगमनमा जाँदा कतै पनि जथाभावी औषधि प्रयोग गरेको नपाएको उनले दावी गरे । उनले भने, 'प्रयोगशालामा हजारौं नमूना परीक्षण हुन्छन्, त्यसमा एक-दुईवटामा त्यस्तो भेटिनु सामान्य हो । त्यसमा पनि सरकार सचेत छ र त्यस्तालाई कारवाहीका लागि सिफारिस गरिएको छ ।'

विश्वव्यापी प्रतिबन्ध

एन्टिबायोटिकको नाममा कुखुरामा जथाभावी औषधि प्रयोग हुन थालेपछि युरोपेली संघले सन् २००६ देखि नै त्यसमा प्रतिबन्ध लगाएको थियो । त्यसको १० वर्षपछि मात्र नेपालले त्यसलाई कार्यान्वयनमा ल्यायो ।

विश्व स्वास्थ्य संगठनले पनि एन्टिबायोटिक प्रतिरोध रोकथामका लागि वृद्धि प्रवर्धकको प्रयोग बन्द गर्न सिफारिस गरेको छ । संयुक्त राज्य अमेरिकामा पनि चिकित्सकीय रूपमा महत्त्वपूर्ण मानिएका एन्टिबायोटिकहरूलाई वृद्धि प्रवर्धकका रूपमा प्रयोग गर्न प्रतिबन्ध लगाइएको छ ।

भारतले सन् २०१७ देखि कोलिस्टिन (एन्टिबायोटिक) लाई वृद्धि प्रवर्धकका रूपमा प्रयोग गर्न प्रतिबन्ध लगाएको छ । तर, अन्य महत्त्वपूर्ण एन्टिबायोटिकहरूको वृद्धि प्रवर्धकका रूपमा प्रयोग भने अझै भइरहेको छ, जसलाई विश्व स्वास्थ्य संगठनले प्रतिबन्ध लगाउन सिफारिस गरिसकेको छ ।

एक अध्ययनले नेपालभन्दा भारतमा अत्यधिक बढी एन्टिबायोटिक औषधि प्रयोग हुने देखाएको छ । नेपालका लागि भारत मुख्य बजार हो र सीमा क्षेत्रबाट अवैध रूपमा अत्यधिक मात्रामा कुखुरा, चल्ला तथा अण्डा भित्रिने गरेका छन् ।

यसरी फेरिँदैछ रूपाको रूप

गण्डकी/अबको तीन वर्षमा रूपाताल क्षेत्रले कतिलाई मोहित बनाउला ? अहिले नै अनुमान लगाउन कठिन हुनसक्छ । लेखनाथ नगरपालिका बडा नं १०, ११ र १४ का केही भागले छोएको सो ताल पर्यावरणीय, जलचर संरक्षण, सिँचाइ तथा जलविद्युत् उत्पादनका दृष्टिकोणले उत्कृष्ट गन्तव्य तर्फ लम्किरहेको छ ।

यसका लागि जलस्रोत तथा सिँचाइ विभागले गुरुयोजना कार्यान्वयलाई पहिलो प्राथमिकता राख्दै अहोरात्र एकसाथ विभिन्न काम गरिरहेको छ ।

विभागमा महानिर्देशक महानिर्देशक ई. मित्र बरालले जलस्रोत संरक्षण कार्यक्रम अन्तर्गत विभागले रूपाताल संरक्षणमा गुरुयोजना कार्यान्वयन गरिरहेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, " पर्यावरणीय संरक्षण, जलचर संरक्षण, सिँचाइ तथा जलविद्युत् उत्पादनका दृष्टिकोणले काम भइरहेको छ ।"

अहिले जारी काम सम्पन्न भएसँगै दिनमा पटकपटक रूप फेरि नै भएका कारण रूपाताल नामकरण गरिएको रूपाताललाई समग्र रूप नै फेरिने लागेको छ ।

सात तालको वरौंचा सिमसार सूचीमा सूचीकृत तालहरू मध्येको एक रूपाताललाई संरक्षण र विकासका लागि रूपाताल संरक्षण एकीकृत विकास परियोजनाको सफलतासँगै यसको समग्र रूप फेरिने अवस्थामा पुगेको हो । यसअघि रूपाताल संरक्षण एकीकृत विकास परियोजना नाममा रहेको यो परियोजना अहिले भने सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना अन्तर्गत छ ।

रूपाकोट, हंसपुरको सिरान र माझठाना-९ सावित्रि लेखनाथ नगरपालिका बडा नं १०, ११ र १४ को केही भागले छोएको यो ताल प्राकृतिक र मानवीय अतिक्रमणको चपेटामा पर्न थालेपछि गुरुयोजनासहित संरक्षणका कामहरू थालिएको हो ।

आयोजनाका लागि विस्तृत योजना प्रतिवेदन तयार गरी त्यस अनुरूप काम निरन्तर अघि बढि-रहेको जलस्रोत तथा सिँचाइ विभाग, सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना, पोखराका प्रमुख विदुर मान श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार परियोजना सम्पन्न भएसँगै रूपा तालको स्वरूप नै परि वर्तन हुने छ । २०७५-०७६ देखि काम थालिएको थियो । चरणबद्ध अघि बढ्ने आयोजनाको चार अर्ब ५२ करोड लागत रहेकामा हालसम्म दुई अर्ब ७० करोडको काम गरि एको छ । स्वीकृत गुरुयोजना अनुसार यो आयोजना २०८५-०८६ सम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

कुल १२२ हेक्टर क्षेत्रफलमा फैलिएको ताल हालको निर्माणाधीन बाँध सम्पन्न भएसँगै क्षेत्रफल बढेर १८३ हेक्टर क्षेत्रफल हुने छ । परि योजना अन्तर्गत बाँध निर्माण ठेक्का सम्झौता भएर काम अघि बढिसकेको छ । बाँध निर्माणका लागि कुल २९ करोडको ठेक्का सम्झौता भएकोमा कालिका नयाँ बाटो जेभिले निर्माण गरिरहेको छ ।

बाँध निर्माण कार्य २०८३ भदौ २३ सम्म सक्ने समयावधि निर्धारण गरिएको छ । निर्माण सम्झौता अनुसार तालमा ५९० मिटर माटाको बाँध रहने छ भने ४५ मिटर कङ्क्रिट बाँध रहने छ । बाँध निर्माणको काम ७० प्रतिशत सकिएको आयोजना प्रमुख श्रेष्ठले जानकारी दिनुभयो । बाँध निर्माण कार्य सकिएसँगै हाल रहेको तालको गहिराइ तीन मिटरबाट बढेर सात मिटर हुने छ । यस आयोजना अन्तर्गत रूपातालको बायाँतर्फ ७८ किलोमिटर पक्की सडक गत आर्थिक वर्षमा नै सम्पन्न भइसकेको छ ।

त्यस्तै परियोजना अन्तर्गत ने हालको लम्बाइ दुई किलोमिटर रहेको ताल फैलिएर ३६ किलोमिटर हुने छ । तालमा रहेको आठ लाख घनमिटर माटो निकालेर त्यसलाई व्यवस्थित गर्ने काम भइरहेको छ । यसका लागि ४० करोड विनियोजन भई काम भइरहेको र सम्झौता अनुसार आगामी फागुन २० सम्म सक्ने लक्ष्य राखिएको छ । यसको निर्माण कार्य उमा एन्ड कम्पनीमार्फत भइरहेको छ ।

आयोजना अन्तर्गत ने तालको बिचमा टापु बनाएर त्यहाँ मन्दिर बनाउने योजना छ । एक सय ४० मिटर लम्बाइ र ९५ मिटर चौडाइमा रहने उक्त टापुमा आकर्षक मन्दिर बनाउन लागिएको हो । त्यस्तै तालको दायाँ किनारामा पाँच किलोमिटर दूरीको इको ट्रेल निर्माण गरिने छ ।

बाँकी काम गर्नका लागि ३१७ रुख काट्नुपर्ने छ । यसका लागि वातावरणीय प्रभाव मूल्याङ्कन पनि भइसकेको छ । त्यस्तै भोगाधिकारका लागि एक हेक्टर जग्गा लिन बाँकी छ । वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) अनुसार ३१७ रुख काट्न स्वीकृति भए पनि फिल्ड भेरिफिकेसन गर्दा १२८ वटा मात्रै रुख हटाउनुपर्ने देखिएको जानकारी दिँदै श्रेष्ठले १० प्रतिशत तलमाथि भएमा पुनः पुरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने भएकोले त्यसका लागि वनबाट स्वीकृति आउनुपर्ने प्रावधान रहेको उहाँले जानकारी दिनुभयो ।

आयोजनाकै लागि एक हजार २०० रोपनी अधिग्रहण गर्नुपर्नेमा यसअघि ९११ रोपनी अधिग्रहण भइसकेको छ । त्यसका लागि एक अर्ब रुपियाँमा मुआब्जा वितरण गरि सकिएको आयोजनाले जनाएको छ । बाँकी थप १२६ रोपनी अधिग्रहण गर्नुपर्नेमा त्यसका लागि नयाँ दररेट कायम हुनुपर्ने भए पनि जिल्ला दर रेट कायम भइनसकेको कारण उक्त कार्य पनि प्रभावित बनेको छ ।

यी सबै काम सम्पन्न भएसँगै तालको क्षेत्रफलसँगै थप चार मिटर गहिराइ पनि बढ्ने जनाइएको छ । रूपाताल को एकीकृत विकास आयोजनासँगै सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजनाले गण्डकी प्रदेश भित्रका विभिन्न ५० भन्दा बढी आयोजना हेर्दै आएको आयोजना प्रमुख श्रेष्ठले जानकारी दिनुभयो । हालै सिँचाइ दिवस एवं ७३ औं वार्षिकोत्सवका अवसरमा आयोजनाबाट सम्पादित कार्यप्रगति एवं समुदायमा पुऱ्याएको समग्र प्रभाव मूल्याङ्कनका आधारमा उत्कृष्ट आयोजनाका रूपमा पुरस्कृत समेत भएको उहाँले बताउनुभयो ।

सूर्यको किरणसँगै रूपाताल्मा पानीको रूपमा पर्ि वर्तन आइरहने भएका कारण यसको नाम रूपाताल रहन गएको यहाँका वृद्धापाकाको तर्क छ । पछिल्ला वर्षमा सौन्दर्य ह्रासका अतिरिक्त बढ्दो अतिक्रमणले तालको आकार पनि खुच्चिदै गएका अवस्थामा परियोजना सम्पन्न भएसँगै यसले तालको संर क्षण हुने विश्वास लिइएको छ ।

विगतमा अतिक्रमणमा पर्दै आएको ताललाई संरक्षण गर्न रूपाताल पुनःस्थापना तथा मत्स्यपालन सहकारी संस्थाका तर्फबाट सम्बन्धित निकायहरूमा निरन्तर ध्यान आकृष्ट गर्दै आइएको सहकारीका अध्यक्ष रामबहादुर थापाले जानकारी गरे ।

फेरिएको मैदान, ऐतिहासिक खेल :

साढे दुई वर्षपछि भिड्दै नेपाल र यूएई

काठमाडौं/दुई वर्षअघि, ५ मार्च २०२४ को दिन त्रिवि क्रिकेट मैदानमा नेपाल, नेदरल्यान्ड्स र नामिबियाबीचको लिग २ श्रृखलापछि भएको टी-२०आई श्रृंखलाको फाइनल खेल थियो । अन्तिम ओभरसम्म पुगेको उक्त खेलमा नेपालले नेदरल्यान्ड्सलाई १८५ रनको लक्ष्य दिएको थियो । करण केसीको बलमा डिप ब्याकवार्ड स्क्वायर लेगमा टिम भान डेर गुरटेनले चौका प्रहार गर्दै नेदरल्यान्ड्सलाई खेल जिताएपछि थिए ।

नेपाली समर्थक निराश पक्कै थिए, तर उनीहरूलाई थाहा थिएन कि यो प्रतीक्षा यति लामो हुनेछ । त्यसयता पृथ्वीले सूर्यलाई दईपटक परिक्रमा गरिसक्यो, त्रिवि क्रिकेट मैदानको स्वरुप नै परिवर्तन भइसकेको छ । दुई वर्षपछि, आज सोमबार नेपाली क्रिकेट टोलीले अन्ततः घरेलु मैदानमा फेरि पाइला टेक्दैछ, जहाँ घरेलु दर्शकको हुँडिलो पुनः कीर्तिपुर गुञ्जायमान हुनेछ । यसबीचमा नेपाल प्रिमियर लिग (एनपीएल) को पहिलो संस्करणदेखि दोस्रो संस्करणसम्म, अनि महिला टी-२० विश्वकप ग्लोबल छनोट पनि यो मैदानमा आयोजना भइसकेको छ ।

यही बीचमा त्रिवि क्रिकेट मैदानको स्वरुप पनि फेरियो तर नेपाली पुरुष क्रिकेट टोलीलाई यहाँ कुनै खेलको अवसर जुरेको थिएन ।

दुई वर्षपछि घरेलु मैदानमा अन्तर्राष्ट्रिय खेल खेल्न लागेको नेपालका लागि यो ऐतिहासिक क्षण समेत हुनेछ । यसअघि दिनको समयमा मात्र खेल हुने गरेकोमा नेपाली क्रिकेट इतिहासमा पहिलो पटक रातको समयमा फ्लडलाइटमा अन्तर्राष्ट्रिय खेल हुँदैछ । अर्कोतर्फ चिरपरिचित प्रतिद्वन्द्वी नेपाल र यूएई साढे दुई वर्षपछि कीर्तिपुरमा खेल्दै छन् । पछिल्लोपटक सन् २०२४ को अक्टोबरमा भएको नेपाल, हङकङ र यूएईबीचको श्रृखलाको फाइनलमा भिड्केका थिए । हालसम्म ११ पटक अन्तर्राष्ट्रिय टी-२० मा भिडेका नेपाल र यूएईबीच कीर्तिपुरमा एकमात्र खेल भएको छ जहाँ यूएई विजयी भएको थियो ।

यस्तै यही श्रृंखलाअघि नेपालको दुई फरक फर्म्याटमा फरक कप्तान र टिमको अवधारणा सुरु भएको छ । यो श्रृंखलामा यसअघिका नियमित अनि सिनियर खेलाडीहरू देखिने छैनन् । कप्तान पनि फेरिएका छन् । दीपेन्द्रसिंह ऐरीको कप्तानीसहित परिवर्तित नेपाली टोलीले टी-२०आई क्रिकेटमा नयाँ सुरुवात गर्नेछ । त्यो सुरुवात एउटा ऐतिहासिक खेलबाटै हुनेछ ।

ऐतिहासिक खेलअघि नेपाली टोलीमा कप्तानसहित उल्लेख्य परिवर्तन स्तरोन्नतिपछि पहिलो खेल नेपाल र यूएई यसअघि सन् २०२३ को टी-२० विश्वकप छनोटअघि भएको श्रृंखलाको फाइनलमा कीर्तिपुरमा पछिल्लो पटक भिडेका थिए । त्यतिबेला मैदानबाहिर घाँसे पाखा थियो ।

त्यसपछिको साढे दुई वर्षमा त्यस पाखोमा प्यारापिट बन्यो, त्यति मात्र नभएर अन्तर्राष्ट्रियस्तरको फ्लडलाइटसमेत जडान गरिएको छ । त्यही फेरिएको मैदानमा एनपीएलको दोस्रो संस्करण सम्पन्न भइसकेको छ । अब फ्लडलाइटमा अन्तर्राष्ट्रिय खेलको पनि डेब्यू हुनेबाला छ ।

रातको समयमा नेपालमा खेल हुन सम्भव हुनु नेपाली क्रिकेटकै लागि गर्वको विषय भएको क्यानका प्रवक्ता छुब्ली लामा बताउँछन् । 'यो ऐतिहासिक खेल जुन समयमा सम्भव भएको छ, पहिलोपटक हामी हाम्रै घरेलु मैदानमा फ्लडलाइटमा अन्तर्राष्ट्रिय खेल खेल्दैछौं । यो समग्र नेपाली क्रिकेटका लागि गर्वको विषय हो' प्रवक्ता लामाले भने । नेपाल र यूएईबीच कीर्तिपुरमा भएको त्यही मात्र टी-२०आई हो ।

बाँकी खेल मुलपानी वा नेपालबाहिर भएका छन् । उक्त खेलमा नेपाल यूएईसँग पराजित भएको थियो । पछिल्लो लय अनि हेड टु हेड दुवै टोली गत महिना भारत र श्रीलंकामा सम्पन्न आईसीसी टी-२० विश्वकप खेलेर आएका छन् । नेपाल र यूएई दुवै टोली एसिया-ईएपी छनोट पार गरेर विश्वकपमा पुगेका थिए । यूएई र नेपाल दुवै टी-२० विश्वकपमा समूह चरणबाट अगाडि बढ्न सकेनन् । दुवैले आफ्नो समूहमा समान एक-एक खेल जिते । यूएईले क्यानडालाई पराजित गर्दा न्यूजिल्यान्ड, अफगानिस्तान र दक्षिण अफ्रिकासँग पराजित भएको थियो । नेपालले इंग्ल्यान्ड, वेस्ट इन्डिज र इटालीसँग लगातार हार बेहोर्दा अन्तिम खेलमा स्कटल्यान्ड लाई हराएको थियो ।

हेड टु हेडको कुरा गर्दा नेपाल र यूएई हालसम्म टी-२०आईमा ११ पटक भिडेका छन् जहाँ नेपाल ६ अनि यूएई ५ पटक विजयी भएका छन् । कीर्तिपुरमा भने एकमात्र खेल भएको छ जुन यूएईले जितेको थियो । पछिल्लोपटक यी दुई टोली आईसीसी टी-२० विश्वकप एसिया-ईएपी छनोटमा भिडेका थिए जहाँ नेपालले १ रनको रोमाञ्चक जित निकालेको थियो । टिम कम्बिनेशन र सम्भावित ११ यस शृंखलाअघि नेपाली टोलीमा उल्लेख्य परिवर्तन भएको । कप्तानसहित केही अनुभवी र नियमित खेलाडी पनि टी-२०आई टोलीबाट हटाइएका छन् ।

निजी क्षेत्रलाई हेर्ने दृष्टिकोण परिवर्तन गर

कञ्चनपुर/नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले निजी क्षेत्रलाई हेर्ने दृष्टिकोणमा सबैले परिवर्तन ल्याउनुपर्ने बताएका छन् । आईतबार कञ्चनपुर उद्योग वाणिज्य संघको ३४औं वार्षिक साधारणसभाको उद्घाटन समारोहमा बोल्दै उनले निजी क्षेत्र नाफा कमाउनका लागि मात्रै हो भनेर हेर्ने दृष्टिकोण परिवर्तन गर्नुपर्नेमा जोड दिए ।

'कुल गार्हस्थ उत्पादन (जिडिपी) मा ८० प्रतिशतभन्दा बढी योगदान गर्ने र हरेक पूर्वाधार निर्माणमा योगदान गर्ने निजी क्षेत्र हो', ढकालले भने, 'सबैभन्दा बढी रोजगारी सिर्जना पनि निजी क्षेत्रले गरिरहेका छन् ।' उनले सुदूर पश्चिममा पर्यटनको अथाह सम्भावना रहेकाले पर्यटन प्रवर्द्धन गर्ने र रोजगारी सिर्जना गर्ने उद्देश्यले यस क्षेत्रमा आफूले लगानी गरेको बताए ।

'सुदूरपश्चिममा जहाँ हेऱ्यो त्यहीँ सम्भावना छ, त्यसकारण यहाँको सबैभन्दा ठूलो पर्यटन पूर्वाधार अगाडि बढाएका छौं, अध्यक्ष ढकालले भने, 'यसले सुदूरपश्चिमको मात्रै नभई मुलुमकै पर्यटन प्रवर्द्धनमा टेवा पुगाउने छ ।'

उनले इमान्दारिताका साथ काम गरे प्रतिफल आउने विश्वास व्यक्त गरे । सुदूरपश्चिमबाट छिमेकी मुलुक भारतका ठूला औद्योगिक क्षेत्र नजिक रहेकाले त्यसको फाइदा पनि सुदूरपश्चिमलाई रहेको उनले बताए ।

वीरगञ्जको मुख्य सडक विस्तार :

काम अघि बढाईएको हो । वीरगञ्ज महानगरका नगर प्रहरी प्रमुख हरि भुसालले विहानैदेखि कडा निगरानीमा संरचना हटाइएको बताएका छन् ।

स्थानीयको गुनासो : सूचना छोटो भयो

घरधनी तथा व्यापारीहरूले भने प्रशासनले १२ घण्टाभन्दा कम सूचना दिँदा समस्या भएको गुनासो गरेका छन् ।

घण्टाघर क्षेत्रका घरधनी कन्हैयालाल केशरीले शनिवार साँझ अचानक घर टहरा हटाउन, पसल खाली गर्न निर्देशन आएपछि आफूहरूलाई पर्याप्त समय नपाएको बताए । "सर्वोच्च अदालतको फैसला कार्यान्वयन गर्न कुनै गुनासो छैन, तर कम्तीमा एक साताको समय दिएको भए स्वतःस्फूर्तरूपमा हामीले सरसामान सार्न सकिन्थ्यो," उनले भने ।

वीरगञ्ज महानगरपालिकाका पूर्व मेयर तथा नेकपा (एमाले) का केन्द्रीय सदस्य विजयकुमार सरावगीको घरमाथि पनि डोजर चलेपछि उनले आक्रोश व्यक्त गरेका छन् । उनले कानुनी राज्यको पालना नभएको र वर्तमान मेयर राजेशमान सिंहले आफूसँग व्यक्तिगत रिसइवी साधेको आरोपसमेत लगाए । सोहीगरी पूर्वकानुनमन्त्री तथा नेपाली कांग्रेसका नेता अजय चौरसियाले पनि छोटो समय दिएर घर र व्यवसाय माथि डोजर चलाउनु कानुन र लोकतन्त्रमाथि प्रहार भएको बताए ।

सडक विस्तारका क्रममा आइतबार दिउँसो १२:२० बजेसम्म मुख्य सडक क्षेत्रमा बिजुली तथा इन्टरनेट सेवा पुर्णरुपमा अवरुद्ध भएको थियो ।

हेटौंडाको अनुभव :

हेटौंडामा यस्तै प्रकृतिको सडक विस्तार अभियानले विवाद निम्त्याएको थियो । एकै दिन ५३१ संरचना भत्काइएपछि सर्वोच्च अदालतले 'यथास्थितिमा राख्नू' भनी अन्तरिम आदेश दिएको थियो । वीरगञ्जमा पनि त्यस्तै कानुनी जटिलता नआओस भन्ने चासो सर्वत्र छ ।

सडक विस्तारपछि सवारी आवागमन सहज हुने, ट्राफिक व्यवस्थापनमा सुधार आउने र देशको प्रमुख आर्थिक नगरी वीरगञ्जको व्यापारिक गतिविधिमा सकारात्मक प्रभाव पर्ने प्रशासनको अपेक्षा छ । मेयर राजेशमान सिंह र सडक डिभिजन कार्यालयले बिना अवरोध काम निरन्तर अघि बढ्ने बताएका छन् । अभियान पुरा भएपछि वीरगञ्जको मुख्य सडक व्यवस्थित, फराकिलो र आधुनिक बन्ने अपेक्षा गरिएको छ । कार्य नसकिदासम्म निरन्तर चल्ने र आवश्यकतानुसार थप डोजर परिचालन गरिने सडक कार्यालयले जनाइएको छ ।

हेटौंडा सन्देश दैनिक
म.जि.प्र.का.द.नं:२६/०५८/०५९, म.जि.हु.द.नं:०७/०६३/०६४
२५औं वर्ष
समाचार
सोमबार ०७ बैशाख २०८३
Monday 20 April 2026
४

चैतसम्म राजस्वमा ६ प्रतिशतमात्र वृद्धि

सन्देश संवाददाता

काठमाडौं/चालु आर्थिक वर्ष २०८२-८३ को नौ महिना (चैत मसान्त) सम्म सरकारको राजस्व असुली ६ प्रतिशत हाराहारीले बढेको छ । गत वर्ष चैतसम्म उठेको राजस्वको तुलनामा यो चैतसम्मको वृद्धिदर ६ प्रतिशतमात्र हो ।

अर्थ मन्त्रालयका अनुसार गत आवको चैतसम्ममा ८ खर्ब ४१ खर्ब १३ करोड रुपैयाँ राजस्व उठेको थियो । यो वर्ष सोही अवधिमा ८ खर्ब ९१ अर्ब ५६ करोड रुपैयाँ संकलन भएको हो । सरकारले यो वर्ष १४ खर्ब ८० अर्ब रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य लिएको छ । चैतसम्म वार्षिक लक्ष्यको ६०.२४ प्रतिशतमात्र हासिल भएको छ ।

पूर्व अर्थमन्त्री रामेश्वर खनालले बजेटमा राखिएको लक्ष्य अनुसार राजस्व असुली हुने अवस्था नदेखेपछि अर्धवार्षिक समीक्षामार्फत यसको लक्ष्य १२ खर्ब ९८ अर्ब रुपैयाँमा झारेका थिए । अहिले-सम्मको राजस्व असुली हेर्दा संशोधित राजस्व पनि उठ्ने अवस्था देखिँदैन । संशोधित राजस्व भेटाउन सरकारले अबको तीन महिनामा करिब ४ खर्ब ७ अर्ब संकलन गर्नुपर्छ ।

अहिलेसम्म कर राजस्व ७ खर्ब ९८ अर्ब ७७ करोड संकलन भएको छ । गत वर्ष सोही अवधिमा ७ खर्ब ४४ अर्ब १४ करोड संकलन भएको थियो । गत वर्षको तुलनामा यो वर्ष ७.३४ प्रतिशतले बढी हो ।

चैतसम्ममा ८७ अर्ब ५१ करोड गैरकर राजस्व संकलन भएको छ । यो गत वर्षको तुलनामा ०.३२ प्रतिशतको झिनो वृद्धि हो । गत वर्ष चैतसम्म ८७ अर्ब २४ करोड गैरकर संकलन भएको थियो ।

भ्याट :

राजस्वमा ठूलो हिस्सा ओगट्ने मूल्य अभिवृद्धि कर (भ्याट) चैतसम्म २ खर्ब ६१ अर्ब ४२ करोड संकलन भएको छ । यो गत वर्ष २ खर्ब २९ अर्ब ८७ करोड उठेको थियो । यो वर्षभन्दा अहिले भ्याट असुलीमा ८.९८ प्रतिशतको वृद्धि भएको छ ।

आयकर :

मन्त्रालयका अनुसार आयकर तर्फ गत वर्ष २ खर्ब १३ अर्ब ६१ करोड संकलन भएकोमा यस वर्ष २ खर्ब १५ अर्ब ९१ करोड असुली भएको छ । यो १.०८ प्रतिशतको मात्र वृद्धि हो । ४ खर्ब ७ अर्ब ३ करोडको वार्षिक लक्ष्य राखिएको आयकरमा चैतसम्म ५३.०४ प्रतिशतमात्र संकलन भएको छ ।

मन्सार महसुल:

वैदेशिक व्यापारमा आधारित भन्सार महसुल १ खर्ब ७८ अर्ब ५७ करोड संकलन भएको छ । यो गत वर्षको भन्दा ९.०९ प्रतिशतले घेरै हो । गत वर्ष १ खर्ब ६३ अर्ब ६९ करोड संकलन भएको थियो ।

अन्तःशुल्क

चालु आवमा अन्तःशुल्कतर्फ भने उत्साहजनक वृद्धि देखिएको छ । गत वर्ष १ खर्ब २३ अर्ब ९८ करोड अन्तःशुल्क संकलन भएकोमा यो वर्ष ११.४७ प्रतिशतले बढेको छ । चैतसम्ममा १ खर्ब ३८ अर्ब २१ करोड अन्तःशुल्क उठेको हो ।

शिक्षा सेवा शुल्क र अन्य

चालु आवको चैतसम्ममा यो शीर्षकमा सबैभन्दा उच्च ५६.६६ प्रतिशतको वृद्धि भएको छ । अहिलेसम्म शिक्षा सेवा शुल्क र अन्य गरी ४ अर्ब ६७ करोड संकलन भएको छ । गत वर्ष सोही अवधिमा २ खर्ब ९८ करोडमात्र संकलन भएको थियो ।

मन्त्रालयका अनुसार भन्सार विभागका लागि वार्षिक ५ खर्ब ८८ अर्ब २५ करोडको लक्ष्य दिइएकामा चैतसम्म ३ खर्ब ६८ अर्ब ७४ करोड अर्थात् ६२.६८ प्रतिशत संकलन गरेको छ । यो गत वर्षको ३ खर्ब ३५ अर्ब १७ करोडको तुलनामा १०.०२ प्रतिशतको वृद्धि हो ।

यस्तै, आन्तरिक राजस्व विभागलाई ७ खर्ब ३७ अर्ब ३३ करोडको लक्ष्य दिएकामा चैतसम्ममा ४ खर्ब ३० अर्ब ३ करोड संकलन गरेको छ । यो वार्षिक लक्ष्यको ५८.३२ प्रतिशतमात्र हो । यसैगरी सरकारले विविध प्राप्तितर्फ ५ अर्ब २८ करोडमात्र राजस्व उठाएको छ । गत वर्ष यस्तो राजस्व ९ अर्ब ७६ करोड संकलन भएको थियो । चालु वर्ष ४५.९२ प्रतिशतले विविध प्राप्ति घटेको छ ।

रेल्वे सेवा ७९ करोड ऋणमा

सन्देश संवाददाता

जनकपुरधाम/नेपालको एक मात्र रेल्वे सेवा प्रत्येक वर्ष घाटामा गइरहेको छ । रेल्वे सेवा घाटामा गइरहे काले योजनाबद्धरूपमा कार्यसम्पादन गर्नुपर्ने र व्यवस्था-पनमा सुधार गर्नुपर्ने आवश्यकता औंल्याइएको छ ।

लामो समयदेखि महाप्रबन्धक पद रिक्त रहेकाले व्यवस्थापनमा समस्या हुँदै आएको भनेको नेपाल रेल्वे कम्पनी लिमिटेडका कर्मचारीहरू बताउँछन् । लिमिटेडका अनुसार पछिल्लो पाँच वर्षको तथ्यांकले कम्पनीको आम्दानीभन्दा खर्च करिब तेब्बरभन्दा बढी रहेको देखाउछ । सोही कारण रेल्वे सेवा दीर्घकालीन रूपमा आर्थिक संकटतर्फ गइरहेको जानकारहरू बताउँछन् ।

कम्पनीको व्यावसायिक कार्ययोजना, २०८२ अनुसार आर्थिक वर्ष २०७६-७७ देखि आव २०८०-८१ सम्म रु. १९ करोड २१ लाख आम्दानी हुँदा रु. ६७ करोड ३७ लाख खर्च भएको उल्लेख छ । पछिल्लो आर्थिक वर्ष २०८०-८१ मा मात्र रु आठ करोड ५० लाख आम्दानी हुँदा रु २६ करोड २७ लाख खर्च भएको कम्पनीका तत्कालीन महाप्रबन्धक निरञ्जन झाले बताए ।

उनका अनुसार अहिले मासिक आम्दानी करिब रु ७५ लाख भए पनि खर्च रु एक करोड २९ लाख पुग्ने गरेको छ । आम्दानीले खर्च धान्न नसक्दा कम्पनीले सरकारको जमानीमा ऋण लिँदै सञ्चालन गर्नुपरेको झाको भनाइ छ । वि.सं २०८१ असार मसान्तसम्म साँवा र ब्याजसहित कुल ऋण रु ७९ करोड नाघिसक्दा कम्पनीमाथि थप आर्थिक दबाव सिर्जना गरेको छ', उनले भने, 'यात्री सेवाका हिसाबले भने रेल प्रभावकारी मानिएको छ ।'

पूर्वमहाप्रबन्धक झाका अनुसार भारतको जयनगरबाट जनकपुरधाम हुँदै महोत्तरीको बिजलपुरासम्म सञ्चालन भइरहेको रेल सेवा दैनिक तीन पटक सञ्चालन हुँदै आएको छ । घाटाको प्रमुख कारण मध्ये भारतीय प्राविधिक कर्मचारीमा हुने उच्च खर्च मुख्य मानिएको उनको भनाइ छ ।

हाल यहाँ १७ जना भारतीय कर्मचारी कार्यरत रहेका जनाउँदै पूर्वमहाप्रबन्धक झाले त्यसका लागि कम्पनीले भारतीय कोंकन कम्पनीलाई मासिक करिब रु. एक करोड ९२ लाख भुक्तानी गर्दै आएको बताए । उनका अनुसार नेपालीतर्फ १०३ कर्मचारीको कुल तलब रु. १७ लाख छ ।

स्थायी प्राविधिक जनशक्तिको अभाव, वर्कसपको कमी, स्वदेशी चालक तथा स्टेसन मास्टरको अभाव, फ्युलिङ स्टेसन नहुनु र इन्धनसमेत भारतबाट ल्याउनुपर्ने अवस्थाले सञ्चालन खर्च अझ बढाएको नेपाल रेल्वे कम्पनीले जनाएको छ । साथै कम्पनी लामो समयदेखि महाप्रबन्धक विहीन रहेको हुँदा व्यवस्थापन पक्ष कमजोर बनेको छ ।

वि.सं १९९४ मा सुरु भएको रेल सेवा २०७० मा ब्रोड गेज विस्तार का लागि बन्द गरिएको थियो । वि.सं २०७८ चैत १९ देखि पुनः सञ्चालनमा आएको रेल हाल ५२ किलोमिटर क्षेत्रमा विस्तार भइसकेको छ । कम्पनीले रेल्वेको आम्दानी बढाउन तथा आत्मनिर्भर बन्न विभिन्न विकल्प अघि सारेको छ । रक्सौलस्थित २८ एकड जग्गा भाडामा दिँदा वार्षिक करिब रु आठ करोड आम्दानी हुने अनुमान गरिएको छ ।

साथै पुरानो न्यारो गेज रहँदाको कोइला इन्जिनसहितका चीजहरुलाई रेल म्युजियम स्थापना गरी पर्यटनमार्फत् आय बढाउने योजना पनि अघि सारेको छ । स्थानीय व्यापारीहरूले यात्रु सेवासँगै मालसामान ढुवानी सेवा विस्तार गर्नुपर्नेमा जोड दिएका छन् ।

स्थानीयका अनुसार यात्रु मात्र बोक्ने सेवाबाट नाफा सम्भव छैन । तत्कालीन महाप्रबन्धक झाले नेपाल रेल्वे कम्पनीले आफ्नो कम्पनीलाई व्यावसायिक तथा नाफामूलक बनाउन कार्गो रेल्वे सेवा शीघ्र सञ्चालनमा ल्याउनुपर्नेमा जोड दिएका थिए । उनले आफ्नो कार्यकालमा रेल्वेमा बोगी थपेर वा नयाँ रेल थपेर कार्गो सेवा सञ्चालन गर्नुपर्ने विषयमा सरोकार भएका निकायका प्रतिनिधिसँग छलफल गरेको जानकारी दिए ।

भारतको कलकत्ता बन्दर-गाहबाट सस्तो दरमा नेपालमा मालसमान ढुवानी गर्ने कार्गो रेल्वे सेवा सञ्चालनका लागि पहिलेदेखि जनकपुर क्षेत्रका व्यवसायीले माग गर्दै आए पनि हालसम्म सञ्चालन हुन सकेको छैन । जनकपुरका व्यवसायीका अनुसार कार्गो सेवा सञ्चालन भएमा मालसमान ढुवानीका लागि सहज हुनुका साथै सस्तो पनि हुने थियो ।

समयमा व्यवस्थापन सुधार, स्वदेशी दक्ष जनशक्ति उत्पादन, मालवाहक सेवा विस्तार र ऋण व्यवस्थापन गर्न सके रेल सेवा नाफामुखी बन्न सक्ने जानकारहरू बताउँछन् ।

बढ्दो ऋणले नेपालको एकमात्र रेल सेवा थप संकटमा पर्ने निश्चितजस्तै देखिएको धनुषाका ६० वर्षीय रामकुमार झाले बताए । रेलले दैनिक जीवन सहज बनाएकाले यसको थप विस्तार र उचित व्यवस्थापन हुनुपर्नेमा उनले जोड दिए ।

क्याम्पस हाताबाटै विद्यार्थी संगठन निकाल्ने सरकारी निर्णयको चर्को विरोध

सन्देश संवाददाता

विराटनगर/संघीय सरकार (शिक्षा मन्त्रालय) ले गएको चैत २० गते विश्वविद्यालयहरूबाट दलीय विद्यार्थी संगठनलाई पूर्णरूपमा विस्थापित गर्ने निर्णय गऱ्यो । उक्त निर्णयको सुरुमा प्रेरित सांकेतिक विरोध जनाए, तर अहिले विस्तारै राजनीतिक दलहरूबाट पनि प्रस्फुट हुन थालेको छ ।

चैत २० गते शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सम्सित पोख-रेलको उपस्थितिमा र विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्राडा देवराज अधिकारीको अध्यक्षतामा बसेको समन्वय समितिको बैठकले विश्वविद्यालयमा दलीय राजनीतिको अन्त्य गर्ने घोषणा गरेको थियो । बैठकले राजनीतिक दलका भ्रातृ संगठनका रूपमा रहेका विद्यार्थी संगठनहरूलाई ६० दिनभित्र विश्वविद्यालय हाताबाट हटाइने र विश्वविद्यालयले उपलब्ध गराएका कार्यालय (कोठा/भवन) खोस्ने र परिसरभित्रका ब्यानर, झण्डा, भित्ते लेखन तत्काल हटाउने निर्णय गरेको थियो ।

त्यसैगरी ९० दिनभित्र दलीय विद्यार्थी संगठनको खारेजी गरी गैर दलीय 'स्टुडेण्ट काउन्सिल' गठन गर्ने र त्यसका लागि आवश्यक परे नियमावली नै संशोधन गर्ने निर्णय सरकारले गरेको छ । दलीय विद्यार्थी संगठन हटाउने क्रममा अवरोध भए गृह मन्त्रालयमार्फत् स्थायी वा अस्थायी सुरक्षा फौज (प्रहरी) नै परिचालन गर्ने कडा नीति लिइएको बताईएको थियो ।

सरकारको यो प्रयासविरुद्ध राजनीतिक दलहरूले मोर्चाबन्दी सुरु गरेका छन् । नेपाली कम्युनिष्ट पार्टी (नेकपा) ले आइतबार एक विज्ञप्ति जारी गर्दै यी दुवै कदमको कडा आलोचना गरेको छ ।

नेकपाले विद्यार्थी संगठनहरू माथि प्रतिबन्ध लगाउने प्रयासलाई संविधानविपरीत र अस्वीकार्य रहेको दावी गरेको छ । पञ्चायती व्यवस्थाको कठिन समयमा समेत उपभोग गरिएको संगठित हुने अधिकार संघीय लोकतान्त्रिक गणतन्त्रमा खोस्ने प्रयास भएको भन्दै नेकपाले यसप्रति गम्भीर चिन्ता र चासो व्यक्त गरेको हो । साथै, ट्रेड युनियनमाथि प्रतिबन्ध लगाउने प्रयासले संवैधानिक अधिकार र अन्तर्राष्ट्रिय सन्धि-सम्झौताको उल्लंघन हुने चेतावनीसमेत दिएको छ ।

सरकारले कडा कदम चाल्ने निर्णय माइन्युट गरेलगत्तै विश्व विद्यालय परिसरहरूमा विद्यार्थी संगठनहरूले फाट्फुट्ट विरोध सुरु गरिसकेका छन् । दशकौंदेखि राजनीतिक दलहरूको नर्सरी र राजनीतिक आन्दोलनको केन्द्रबिन्दु मानिँदै आएका विविलगायतका क्याम्पस-हरूमा आफ्नो अस्तित्व मेटिने डरले विद्यार्थी नेताहरू पनि विस्तारै वकालत गर्न थालेका छन् । उनीहरूले यसलाई प्राज्ञिक सुधारको नाममा ल्याइएको निरंकुश कदम भन्दै निर्णय खारेज नभए सशक्त आन्दोलन गर्ने चेतावनी दिएका छन् ।

'हाम्रो संगठन खारेज गरेर हाम्रो आस्था हटाउन सक्दैन,' महेन्द्र मोरङ क्याम्पसका स्वविय सभापति रोहित यादवले भने, 'विद्यार्थी संगठन हटाउनुभन्दा अगाडि एनजीओ र आइएनजीओहरू हटाउनुपर्छ ।' उनले आफ्नो संगठनको केन्द्रबाट आएको निर्देशनअनुसार अगाडि बढ्ने बताए । यसअघि विभिन्न राजनीतिक दलनिकट १४ विद्यार्थी संगठनले विद्यालय, विश्वविद्यालयबाट विद्यार्थी संगठनको संचरना हटाउने सरकारको निर्णय अलोकतान्त्रिक रहेको टिप्पणी गरेका थिए ।

'विचारका आधारमा संगठनमा आबद्ध हुन पाउने अधिकार नेपालको संविधानद्वारा प्रत्याभूत मौलिक अधिकार हो । कसैको पनि विचारमाथि बन्देज लगाउने कार्य लोकतान्त्रिक मूल्य-मान्यतविपरीत हुनुका साथै अन्त-र्राष्ट्रिय मानवअधिकारका मापदण्डहरू संगसमेत असंगत हुन्छ । यस्तो प्रयासले युवा पुस्ताको स्वाभाविक राजनीतिक सामाजिकीकरण प्रक्रियामा अवरोध सिर्जना गर्ने खतरा रहन्छ,' विद्यार्थी संगठनको संयुक्त विज्ञप्तिमा भनिएको छ । नेपालका हरेक ठुला राजनीतिक परिवर्तन (२०४६ र २०६२/६३ को आन्दोलन) मा अग्रमोर्चामा लडेका विद्यार्थी संगठनलाई एउटा प्रशासकीय निर्णयको भरमा पूर्णरूपमा हटाउनु बालेन सरकारको लागि कठिन काम हुनसक्ने जानकारहरू बताउँछन् ।

यद्यपि विद्यार्थी संगठनहरूको अराजक क्रियाकलाप बढेको भन्दै केही न केही निर्णय गर्नैपर्ने अवस्था आएको शिक्षाका अभियन्ता अभिषेक घिमिरेले बताए । 'विद्यार्थीका हक हितका लागि लड्नु हामी सबैको दायित्व हो, तर पछिल्ला केही समय विद्यार्थी राजनीतिका नाममा अराजकता भित्रिएको थियो । यसको शुद्धीकरण जरुरी थियो,' उनले भने, 'प्रोफेसरलाई मोसो दल्ने, हातखुट्टा भाँचिने गरी भौतिक आक्रमण गर्ने, कुर्सी रुखमा झुन्ड्याइदिने, काम गर्ने कार्यालयमै ताल्चा लगाइदिने लगायत हर्कत अत्यन्त अशोभनीय थिए । नेपालका विश्वविद्यालय यस्तै अराजक हरकतका कारण जीर्ण बन्दै गएका कारण युवा उच्च शिक्षाका नाममा विदेश पलायन हुने क्रम बढ्न थालेको सत्य हो ।' यसकारण पछिल्लो सरकारको निर्णय सही रहेको उनको दावी छ ।

यता त्रिभुवन विश्व विद्यालयका उपकुलपति दीपक अर्यालले भने सरकारको निर्णयले ऐन संशोधनको बाटो देखाए आशय व्यक्त गरे । 'स्वविय खारेज गर्ने हो भने ऐन संशोधन गर्नुपर्छ,' उनले भने । यद्यपि यस निर्णयको विषयमा आफ्नो कुनै प्रतिक्रिया नभएको उनको भनाइ थियो ।

विश्वविद्यालय समन्वय समितिको बैठकका निर्णयहरू:

(क) विश्वविद्यालयले विद्यार्थी संगठनहरूलाई कार्यालय स्थापनार्थ उपलब्ध गराउँदै आएको कोठा/भवन/जमिन उपलब्ध नगराउने ।

(ख) विश्वविद्यालयको परिसरभित्र विद्यार्थी संगठनहरूका ब्यानर, झण्डा, भित्ते लेखनलगायतका भौतिक संकेत देखिने विषयहरू तत्काल हटाउने ।

(ग) विश्वविद्यालयको ऐनमा दलिय विद्यार्थी संगठनको सम्बन्धमा कुनै कानूनी व्यवस्था गरिएको भए ति नियमहरू खारेजीका लागि तीन महलको प्रस्ताव तयार गरी तत्काल आयोग मार्फत शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा पेस गर्ने ।

विश्वविद्यालयको नियमावली/विनियममावली लगायतमा त्यस्तो व्यवस्था गरेको भएमा विश्व विद्यालयको कार्यकारी परिषद् सभा वा सम्बन्धित निकायबाट ६० दिन भित्र संशोधन गर्ने ।

(घ) विश्वविद्यालयमा हाल स्वतन्त्र विद्यार्थी युनियन रहेको छ भने विश्वविद्यालयको नियमावली, विनियममावली लगायतमा आवश्यक संशोधन गरी 'स्टुडेन्ट काउन्सिल/भ्वाइस अफ स्टुडेन्ट' अथवा यस्तै प्रकारको विद्यार्थीको हक हितका लागि कार्य गर्ने संयन्त्रको विकास तथा स्थापना गर्ने । सो सम्बन्धमा विश्वविद्यालयको ऐनमा संशोधन गर्नुपर्ने भएमा सम्बन्धित दफा/उपदफा किटान गरि पठाउने ।

(ङ) दलीय विद्यार्थी संगठन हटाउने कार्यमा कुनै प्रकारको सुरक्षा चुनौती भएमा सो व्यहोराको जानकारी तत्काल सुरक्षा निकायलाई गराउने । साथै विश्वविद्यालय परिसरमा अस्थायी/स्थायी प्रकृतिको सुरक्षा युनिट व्यवस्थापन गर्नु पर्ने अवस्था देखिएमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मार्फत गृह मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

युवा समाजद्वारा रक्तदान

सन्देश संवाददाता

हेटौंडा/हेटौंडा-९ लामसुरेमा रहेको लामसुरे युवा समाजले नव वर्ष २०८३ को अवसरमा रक्तदान कार्यक्रम गरेको छ ।

आईतवार ओमटोल विकास संस्थाको भवनमा आयोजित रक्तदानमा १ महिलासहित ३२ जना पुरुषले रक्तदान गरेको कार्यक्रम संयोजक हरिबहादुर खड्काले जानकारी दिए । हेटौंडा उपमहानगर पालिका वडा नम्बर ९ का अध्यक्ष शुकराम केशीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा लामसुरे युवा समाज संस्था बिबिधतरुपमा दर्ता नभएता पनि यसले बिभिन्न सामाजिक कार्य गरेकोमा प्रशंसा गरेका थिए ।

स्थानीय समाजसेवी हरिबहादुर खड्काको संयोजकत्वमा भएको कार्यक्रममा नेपाल रेडक्रस सोसाईटी ललड बैंकका प्रतिनिधि बिष्णु रि माललगायतको टोलीले रक्तदानमा सहजिकरण गरेको खड्काले बताए ।

रास्वपाले जिल्ला अधिवेशन सुरु गर्ने

सन्देश संवाददाता

काठमाडौं/राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले वैशाख १५ गतेदेखि जिल्ला अधिवेशन सुरु गर्ने भएको छ । आइतवार बसेको पार्टीको सचिवालय बैठकले वैशाख १५ गतेबाट जिल्ला अधिवेशन सुरु गर्ने निर्णय गरेको प्रवक्ता मनिष झाले जानकारी दिए ।

सोमबार रास्वपाको केन्द्रीय समिति बैठक बस्दै छ । केन्द्रीय समितिमा सचिवालय बैठकका एजेन्डा अनुमोदन गर्ने कार्यसूची तय भएको छ । रास्वपाको वडा र पालिका अधिवेशन यही वैशाख २ गतेबाट पुनः सुरु भएको थियो । २०८० मंसिरबाट सुरु भएको वडा अधिवेशन फागुन २१ को प्रतिनिधि सभा निर्वाचनलाई लक्षित गरी गत माघ दोस्रो साताबाट रोकिएको थियो ।

चुनावका कारणले रोकिएको वडा र पालिका तहमा संगठन निर्माणको कार्य वैशाख २ गतेदेखि जारी छ । गठन निर्माण हुन नसकेका वडा र पालिकामा तदर्थ समिति गठन गर्न लागिएको छ ।

वैशाख महिनाभर वडा र पालिकामा तदर्थ समिति तथा वडा परिषद् गठन गर्ने उनको भनाइ छ । महामन्त्री बुर्लाको टीका अनुसार अहिलेसम्म ४५२ वडा र ६२ पालिकाको अधिवेशन सकिएको छ ।

सरकारी सेवा प्रभावकारी बनाउन सञ्चारमन्त्री तिमिल्सिनाको निर्देशन

सन्देश संवाददाता

नुवाकोट/सञ्चार तथा सूचना प्रविधिमन्त्री डा विक्रम तिमिल्सिनाले कर्मचारीलाई जिम्मेवारीपूर्वक काम गरी गर्व गर्न लायक नतिजा देखाउन आग्रह गरेका छन् । जेनजी आन्दोलनपछिको राजनीतिक परिवर्तनलाई कर्मचारी संयन्त्रले पनि बदलिएर साथ दिनुपर्ने समय आएकाले आफूले दिएको सेवा प्रति गर्व गर्न लायक काम गर्न उनले कर्मचारीलाई निर्देशन दिए ।

जिल्ला प्रशासन कार्यालयमा आज आयोजित जिल्लाका सरकारी कार्यालयका प्रमुख एवम् प्रतिनिधिसँगको छलफलमा मन्त्री डा तिमिल्सिनाले सेवा प्रवाहमा ढिलाइ, गैहाजिमेवारी र बहाना अब सह्य नहुने स्पष्ट पारे । राजनीतिक परिवर्तनको मर्म बुझ्न आग्रह गर्दै उनले नयाँ सरकार किन बनेको हो भन्नेबारे सबैले आत्मसमीक्षा गर्नुपर्ने भन्दै सरकारी सेवामा सुधार गरेर जनतालाई सहज रुपमा सुशासन दिन कर्मचारीतन्त्र लाग्नुपर्ने बताए ।

'समस्या देखाउन सजिलो हुन्छ, तर अब हामीले आफैंतिर औंला उठाउनुपर्छ, हामीले काम गर्ने भनेको राजनीतिक लाभका लागि नभई देशको सेवाका लागि हो,' मन्त्री डा तिमिल्सिनाले भने । अहिलेको सरकार पारदर्शिता र जवाफदेहिताको जगमा बनेको उल्लेख गर्दै उनले हरेक नागरिक उत्तिकै जिम्मेवार र जवाफदेही हुनुपर्ने बताए ।

'कसैलाई पनि गैहजिम्मेवार हुने छुट छैन, आफूलाई सुम्पिएको काम कि त जिम्मेवार भएर पूरा गर्नुपर्छ, अन्यथा मार्ग प्रशस्त गर्नुपर्छ,' मन्त्री डा तिमिल्सिनाले भने । जिम्मेवारी पूरा नगर्ने कर्मचा-रीलाई जवाफदेही बनाइने उनले स्पष्ट पारे ।

शासन सञ्चालन र सेवा प्रवाहमा प्रविधिको प्रयोग बढाउन निर्देशन दिँदै मन्त्री डा तिमिल्सिनाले सरकारी कार्यालयले जनतालाई सेवा दिन बसेको हो भन्ने अनुभूति दिलाउनुपर्ने बताए । 'जनतालाई केन्द्रमा राखेर काम गर्नुको विकल्प छैन, अब सबैले काम गर्नुपर्ने समय आएको छ, विगतको तुलनामा आफूलाई सन्तुष्ट हुने गरेर काम गर्न लाग्नुहोस्,' उनले भने ।

सूचनाको मूल्यांकन सन्तुलित ढंगले गर्नुपर्ने उल्लेख गर्दै मन्त्री डा तिमिल्सिनाले कुनै पनि सूचना एकांकी रूपमा नलिन र भेदभावपूर्ण व्यवहार नगरी खुला रुपमा सेवाग्राहीको काममा खटिन कर्मचारीलाई सुझाव दिए । संसदको मुख्य काम कानुन निर्माण भएको उल्लेख गर्दै उनले दशकौं पुराना कानुनका कारण सरकारी सेवा प्रवाहमा भइरहेको अवरोधलाई हटाउन आवश्यक कानुन छिट्टै निर्माणको तयारीमा अहिलेको संसद् र सरकार लागिसकेको जानकारी दिए । नयाँ कानुन बनाउने र पुराना परि मार्जन गर्ने प्रक्रिया अघि बढिरहेको उनको भनाइ थियो ।

मन्त्री डा तिमिल्सिनाले रोकिएका फाइल तत्काल अघि बढाउन निर्देशन दिँदै 'शून्य फाइल' अभियान सफल बनाउन मन्त्रालयदेखि प्रदेश र जिल्ला तहमा रहेका कर्मचारी संयन्त्र सबै सक्रिय भएर लाग्नुपर्नेमा जोड दिए ।

सदस्यता नविकरणसम्बन्धि सूचना

यस डि.एल.ए. एकाई मकवानपुरको सातौं अधिवेशन निकट भविष्यमा हुन गईरहेको हुनाले अधिवेशनमा सहभागिताका निमित्त यस एशोसिएसनमा आबद्ध कानून व्यवसायी सदस्यले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र तोकिएको फर्म भरी आफ्नो सदस्यता नविकरण गराउनु पर्ने व्यवस्था डेमोक्र्याटिक लयर्स एशोसिएसनको विधान २०४७ (संशोधन सहित) को दफा ९ मा रहेको छ । कतिपय सदस्यज्यूहरुले सदस्यता नविकरण गराउनु भएको नदेखिएको हुँदा मिति २०८३ वैशाख २१ गतेभित्र आर्थिक वर्ष २०८३/०८४ सम्मको नविकरण गराउन हुन अनुरोध गरिन्छ । सदस्यता नवीकरण नभएमा अधिवेशनमा सहभागी हुन नसकिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

डेमोक्र्याटिक लयर्स एशोसिएसन

मकवानपुर शाखा, मकवानपुर

ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडाको पुरानो लोकप्रिय ब्लु हेवन टेलर्स सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको शाक्य प्लाजा मा सरेको जानकारी गराउंदछौं ।

सदाझै यहांहरुको माया र सदभाव पाईरहने आशासमेत गरेका छौं ।

चालु फेन्सी पसल बिक्रीमा

हेटौंडा-४ स्कूलरोडमा रहेको अति चालु अवस्थाको जेन्स फेन्सी पसल विशेष कारणले बिक्री गर्न लागेकोले इच्छुक खरिदकर्ताले सिधै सम्पर्क राख्नुहोला ।

सम्पर्क :

९८४५०३१७८६, ९८२११४००२२

आकर्षक घडेरी बिक्रीमा

हेटौंडा-२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिब २०० मिटर पुर्वतर्फ वनस्खण्डी टोलमा रहेको १३ धुरको २ टुका घडेरी बिक्रीमा छ । इच्छुक खरिद कर्ता महानुभावले सम्पर्क गर्नु होला । आधा नगद र आधा हेटौंडा नजिकको जग्गासंग साटनसमेत सकिनेछ ।

सम्पर्क नम्बर : ९८४५१२३३६६

आकर्षक जग्गा बिक्रीमा

हेटौंडा उपमहानगरपालिका वडा नं. ८ कमाने फायरलाईनसँगै जोडिएको, सडक छेउमा रहेको ५ कठ्ठा (टुक्र्याउन सकिने) र हेटौंडा रिगल रिसोर्ट बाहिर रहेको १ कठ्ठा आकर्षक तुरुन्त बिक्रीमा छ । इच्छुक खरिदकर्ताले तुरुन्त सम्पर्क गर्नु होला ।

सम्पर्क : ९८४५९७८३५८, ९८४५०३१२१७

प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना ।। कार्यालय: हेटौंडा-२ मानस चोक ।। फोन: ०५७-५२२२३७, ५२४२३६ ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादक: माधव न्यौपाने